# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan-RIAP)

## अन्तिम प्रतिवेदन




## सरुमारानी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान, लुम्बिनी प्रदेश

# विषय सूची


**परिच्छेद - एकः परिचय........................................................१**

१.१ पृष्ठभूमि........................................................................१

१.२ राजस्व सुधार योजनाको औचित्य...........................................१

१.३ कार्ययोजनाका सोच, लक्ष्य तथा उद्देश्यहरू................................२

१.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया........................................३

१.५ अध्ययनको सीमा...............................................................५

**परिच्छेद - दुईः राजस्व परिचालन सम्बन्धी गाउँपालिकाको विद्यमान अवस्था........७**

२.१ गाउँपालिकाको संक्षिप्त परिचय...............................................७

२.२ गाउँपालिकाको मानव संशाधनको अवस्था..................................१२

२.३ गाउँपालिकाको सम्पत्ति विवरण..............................................१५

२.४ आर्थिक अवस्था...............................................................१५

**परिच्छेद - तीनः गाउँपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता........... २०**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था..........२०

३.२ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था.........................२९

३.३ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना विश्लेषण.. ३१

**परिच्छेद - चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था........... ४९**

४.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण........................................ ४९

४.२ राजस्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान ........................................५०

४.३ आय सङ्कलनको संस्थागत क्षमता...........................................................५०

४.४ आन्तरिक राजस्व संरचनाको अवस्था ........................................................५६

४.५ राजस्व परिचालनमा रहेका सवालहरू.........................................................५७

**परिच्छेद - पाँचः राजस्व सुधार कार्ययोजना ............................................ ५८**

५.१ राजस्व सुधारका क्षेत्रहरू........................................................................ ५८

५.२ राजस्व सुधार कार्ययोजना तर्जुमा ............................................................५९

५.३ बजेट अनुमान ...................................................................................... ६२

**परिच्छेद - छः आगामी ३ वर्षको आय प्रक्षेपण ........................................ ६३**

६.१ राजस्व प्रक्षेपणका विधिहरू ..................................................................... ६३

६.२ राजस्व सङ्कलनमा पर्ने असरको प्रारम्भिक आकलन......................................६४

६.३ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण...................................६५

६.४ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ...............................................६९

परिच्छेद - सातः अपेक्षित नतिजा ........ ७३
७.१ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण शारांश ........ ७३
७.२ आय प्रक्षेपणको तुलनात्मक विश्लेषण ........ ७३
७.३ नतिजा तालिका ........ ७४
परिच्छेद - आठः कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ........ ७७
८.१ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन ........ ७७
८.२ स्रोत व्यवस्थापन ........ ७७
८.३ कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन ........ ७७
अनुसूचीहरू ........ ८१
अनुसूची – १ सन्दर्भ सामग्रीहरू ........ ८१
अनुसूची – २ तथ्याङ्क र सूचना सङ्कलनका लागि प्रयोग गरिएको सूची तथा फारम ........ ८३
अनुसूची – ३ अभिमुखीकरण कार्यक्रमका सहभागीहरूको उपस्थिति ........ ८८
अनुसूची – ४ अभिमुखीकरण कार्यक्रमका केही झलकहरू ........ ९०
अनुसूची – ५ मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रमका सहभागीहरूको उपस्थिति ........ ९१
अनुसूची – ६ मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रमका केही झलकहरू ........ ९३

# तालिकाहरू

तालिका नं १: गाउँपालिकाको वडागत विवरण ....... ७
तालिका नं २: गाउँपालिकाको भूउपयोग सम्बन्धी विवरण ....... ८
तालिका नं ३: गाउँपालिकाको जनसङ्ख्या तथा घरधुरी सम्बन्धी विवरण ....... ९
तालिका नं ४: नदि नाला सम्बन्धी विवरण ....... ९
तालिका नं ५: पर्यटकीय स्थल सम्बन्धी विवरण ....... ११
तालिका नं ६: राजस्व परामर्श समितिको नामावली ....... १२
तालिका नं ७: राजस्व प्रशासन शाखामा कार्यरत कर्मचारीको विवरण ....... १३
तालिका नं ८: गाउँपालिकामा रहेका निर्माण तथा सवारी साधन सम्बन्धी विवरण ....... १५
तालिका नं ९: गाउँपालिकामा रहेका बैंक तथा वित्तीय संस्था सम्बन्धी विवरण ....... १६
तालिका नं १०: प्रमुख बजार सम्बन्धी विवरण ....... १७
तालिका नं ११: गाउँपालिकामा रहेका उद्योगहरूको विवरण ....... १७
तालिका नं १२: शौचालय सम्बन्धी विवरण ....... १९
तालिका नं १३: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट(प्रतिशतमा) ....... २५
तालिका नं १४: स्थानीय र प्रदेश तह बीचको राजस्व बाँडफाँट(प्रतिशतमा) ....... २६
तालिका नं १५: मूल्य अभिवृद्धि कर, अन्तःशुल्कको बाँडफाँट(प्रतिशतमा) ....... २७
तालिका नं १६: आन्तरिक आय सङ्कलनको विद्यमान अवस्था विवरण ....... २९
तालिका नं १७: सम्पत्ति कर सम्बन्धी सम्भाव्यता विश्लेषण ....... ३१
तालिका नं १८: मालपोत सम्बन्धी सम्भाव्यता विश्लेषण ....... ३३
तालिका नं १९: घरबहाल कर सम्बन्धी सम्भाव्यता विश्लेषण ....... ३४
तालिका नं २०: व्यवसाय कर सम्बन्धी सम्भाव्यता विश्लेषण ....... ३५
तालिका नं २१: विज्ञापन कर सम्बन्धी सम्भाव्यता विश्लेषण ....... ३९
तालिका नं २२: साना सवारी साधन कर सम्बन्धी विवरण ....... ४०
तालिका नं २३: ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री सम्बन्धी विवरण ....... ४१
तालिका नं २४: नक्सा पास दस्तुरको सम्भाव्यता विश्लेषण ....... ४३
तालिका नं २५: व्यवसाय रजिस्ट्रेसन दस्तुरको सम्भाव्यता विश्लेषण ....... ४४
तालिका नं २६: सरकारी सम्पत्तिको बहालबाट प्राप्त आयको सम्भाव्यता विश्लेषण ....... ४६
तालिका नं २७: सिफारिस तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण ....... ४७
तालिका नं २८: विगतको तीन आ.व.को यथार्थ र चालु आ.व.को अनुमान र प्राप्तिको अवस्था ....... ५३
तालिका नं २९: कुल राजस्वमा शीर्षकगत योगदान (रु. हजारमा) ....... ५६
तालिका नं ३०: राजस्व सुधार कार्ययोजना ....... ५९
तालिका नं ३१: आगामी आ.व.हरूका लागि राजस्व प्रक्षेपणका आधारहरू (रु. हजारमा) ....... ६५
तालिका नं ३२: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण (रु. हजारमा) ....... ६९
तालिका नं ३३: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण शारांश (रु. हजारमा) ....... ७३
तालिका नं ३४: नतिजा तालिका ....... ७४

# परिच्छेद - एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको राज्य प्रणालीलाई संविधान बमोजिम समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा चल्ने गरी संघ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन गरिएको छ। नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकार र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा स्थानीय सरकारलाई विभिन्न कर तथा गैर करहरू लगाइ असुल उपर गर्ने अधिकार दिएको छ। संवैधानिक अधिकार क्षेत्रभित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ देखि ६८ सम्म स्थानीय तहहरूलाई कार्य जिम्मेवारी तथा स्रोत परिचालन गर्न सक्ने अधिकार दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय सरकारलाई सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटका अतिरिक्त वित्तीय अधिकार क्षेत्र अन्तर्गत कर तथा गैर कर सङ्कलन गर्न सक्ने अधिकार दिएको छ। नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने व्यवस्था गरिएको छ। यसको अलावा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने व्यवस्था गरिएको छ।

यी संवैधानिक र कानूनी प्रावधानअनुसार स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र व्यवस्थित एवं न्यायोचित ढङ्गले राजस्व प्रशासनलाई पूर्ण रुपमा परिचालन गरी राजस्व सङ्कलन गरी आय बजेट तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने व्यवस्था रहेको छ। यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावित क्षेत्रहरूको खोजी गरी परिचालनका लागि अवलम्वन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरूको पहिचान गरी कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ।

यसै सन्दर्भमा प्यूठान जिल्लाको सरूमारानी गाउँपालिकाले इन्ट्रिग्रेटेड स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि अनामनगर काठमाण्डौको प्राविधिक सहयोगमा गाउँपालिका अध्यक्ष, उपाध्यक्षसहित निर्वाचित पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा तथा आर्थिक प्रशासन शाखाका कर्मचारीहरूलाई राजस्व परिचालनका क्षेत्रहरूमा आधारभूत अभिमुखीकरण गरी सहभागितात्मक विधिबाट राजस्वका नयाँ क्षेत्रहरूको पहिचान तथा उपयोग गरिरहेका राजस्वका क्षेत्रहरूको दायरा अभिवृद्धि गरी आगामी तीन वर्षका लागि आय प्रक्षेपणसहितको यो राजस्व सुधार कार्ययोजना, २०७९ तयार पारिएको हो।

## १.२ राजस्व सुधार योजनाको औचित्य

नेपालको संविधान र सङ्घीय सरकारका विभिन्न कानूनहरूमा स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी प्रावधानहरूको व्यवस्था गरिएका छन्। यस योजनाले स्थानीय सरकार सञ्चालन ऐनको दफा ६६ को उपदफा (६) मा राखिएको कानूनी प्रावधानअनुसार नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई

आगामी तीन वर्षको आयको प्रक्षेपण गर्नुपर्ने कानूनी व्यवस्थालाई सहयोग पुऱ्याउँदछ। यस कार्ययोजनाले नेपाल सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा स्थानीय तहहरूलाई उपलब्ध गराउने विभिन्न प्रकारका अनुदान सम्बन्धी मापदण्ड र आधारहरू तयार गर्न तथा राजस्वका क्षेत्र र दायरा विस्तार गरी आन्तरिक आय वृद्धि गर्ने दिशामा राजस्व सुधार कार्ययोजनाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यस योजनाले नगरपालिकाको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना तर्जुमा गर्दा तीन वर्षमा खर्च गरिने क्षेत्र, कार्यक्रम, आयोजना र क्रियाकलापहरूमा प्रति एकाइ लागतसहितको खर्चको प्रक्षेपण गर्न, खर्च गरिने क्षेत्रहरूको प्राथमिकीकरण गर्न तथा तीन वर्षका लागि आन्तरिक आय प्रक्षेपण गर्न सहयोग पुऱ्याउने छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ बमोजिम स्थानीय तहलाई आन्तरिक आयको अनुमान गरी अर्थ मन्त्रालयमा पेश गर्न सहयोग गर्दछ। यो दस्तावेज स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Self-Assessment-LISA) मा नम्बर प्राप्त गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राप्त गर्ने अनुदान रकम बढाउन सहयोग गर्दछ।

## १.३ कार्ययोजनाका सोच, लक्ष्य तथा उद्देश्यहरू

### सोच

गाउँपालिकाको आन्तरिक आय प्रक्षेपणसहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने।

### लक्ष्य

गाउँपालिकाको राजस्वको कुल सम्भाव्यताहरूको पहिचान भई परिचालनका लागि क्रियाकलापहरू तय भएको हुने।

### उद्देश्यहरू

राजस्व सुधार कार्ययोजनाको मूलभूत उद्देश्य सरूमारानी गाउँपालिकाको आन्तरिक आयका सम्भावनाहरूको पहिचान गरी ती सम्भावनाहरूको परिचालनमा देखिएका समस्याहरूको न्यूनीकरण गर्न कार्ययोजना तयार पारी सो कार्ययोजनाका आधारमा आगामी ३ आ.व.को आय प्रक्षेपण गर्न योगदान पुऱ्याउनु हो। यस कार्ययोजनाको विशिष्ट उद्देश्यहरू देहायबमोजिम रहेका छन्

- स्थानीय तहको आर्थिक अधिकार तथा राजस्व सुधार कार्ययोजना सम्बन्धमा गाउँकार्यपालिकाका पदाधिकारीहरू, शाखा प्रमुखहरू, राजस्व प्रशासनमा सम्लग्न कर्मचारीहरू, उद्योग वाणिज्य संघका प्रतिनिधि एवं राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्ने।
- गाउँपालिकाको विगत तीन आ.व.को आन्तरिक आयको शीर्षकगत रुपमा सङ्कलनको अवस्था र प्रवृत्तिको विश्लेषण तथा राजस्व प्रशासनमा सुधार ल्याउन नीतिगत, संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने।
- राजस्वको कुल सम्भावना र राजस्व सुधार कार्ययोजनाका आधारमा आगामी ३ वर्षको राजस्व प्रक्षेपण गर्ने।

- गाउँपालिकाको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी राजस्व परामर्श समितिलाई राजस्व परिचालन सम्बन्धी नीति निर्माण, कर तथा शुल्कको दर निर्धारणमा सहयोग पुऱ्याउने।

## १.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यका लागि विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन गरी सूचना तथा तथ्याङ्क सङ्कलन गर्न आवश्यक फाराम तथा चेकलिस्ट तयारी, तथ्याङ्क तथा सूचना सङ्कलन र विश्लेषण, अभिमुखीकरण एवं कार्यशाला गोष्ठी तथा मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण जस्ता राजस्व सुधार कार्ययोजना दिग्दर्शन २०७६ ले निर्दिष्ट गरे बमोजिम तपसिलमा उल्लेखित विधि तथा प्रक्रियाहरूको अवलम्वन गरी सम्पन्न गरिएको छ।

### *१.४.१ तयारी तथा समन्वय*

प्रथम चरणमा यस गाउँपालिकासँग समन्वय गरी राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि छलफल गरियो। छलफलको क्रममा अभिमुखीकरण कार्यक्रम सम्पन्न गर्ने मिति तथा समय तय गरी राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी प्रक्रियाको बारेमा छलफल गरियो।

### *१.४.२ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन*

यस कार्ययोजना तर्जुमा कार्यका लागि गाउँपालिकाको वेवसाइटमा राखिएका दस्तावेजहरू लगायत विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू सङ्कलन तथा पुनरावलोकन गरिएको थियो। यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू अनुसूची (१) मा दिइएको छ।

### *१.४.३ तथ्याङ्क/सूचना सङ्कलन फारम तथा सूची निर्माण*

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात कार्ययोजनाका लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचना सङ्कलनका लागि चेकलिस्टको विकास गरिएको थियो। यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न तथ्याङ्क सङ्कलनका लागि प्रयोग गरिएको चेकलिस्ट अनुसूची-२ मा प्रस्तुत गरिएको छ।

### *१.४.४ अभिमुखीकरण तथा तालिम सामग्री तयारी*

राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ मा दिइएको विषयवस्तुको आधारमा यस गाउँपालिकाको पदाधिकारी तथा कर्मचारीहरूलाई राजस्व सुधार सम्बन्धी अभिमुखीकरणका लागि तपसिलमा उल्लेख गरिए बमोजिमका विषयवस्तुहरू समावेश गरिएको सामग्री तयारी गरियो।

१. राजस्व सुधार कार्ययोजनाको उद्देश्य र आवश्यकता
२. कर शुल्क दस्तुर बीचको भिन्नता
३. स्थानीय तहको एकल तथा संयुक्त राजस्व अधिकार,
४. करका दर निर्धारण गर्ने आधारहरू तथा प्रक्रिया
५. आर्थिक ऐनको आवश्यकता र यसको विश्लेषण

६. स्थानीय तहका वित्तीय स्रोतहरू
७. राजस्वको दर निर्धारण गर्दा विचार गर्नुपर्ने पक्षहरू
८. राजस्व परामर्श समितिका कार्यहरू
९. राजस्व सुधारका क्षेत्रहरूको पहिचान तथा कार्ययोजना तर्जुमा प्रक्रिया

### *१.४.५ अभिमुखीकरण कार्यशाला आयोजना तथा सञ्चालन*

राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ मा दिइएको विषयवस्तुको आधारमा यस गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, कार्यपालिकाका सदस्यहरू, राजस्व परामर्श समितिका पदाधिकारीहरू, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीहरू, शाखा प्रमुखहरू, राजस्व सङ्कलनमा सम्लग्न कर्मचारीहरू, राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यदलका सदस्यहरू तथा करदाताका प्रतिनिधिहरूलाई २०७९ मंसिर १८ गते १ दिनको अभिमुखीकरण कार्यशाला सञ्चालन गरियो। यस कार्यक्रममा १९ जना पुरुष र ६ जना महिला गरी जम्मा २५ जनाको सहभागिता रहेको थियो।

### *१.४.६ राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यदलको गठन*

राजस्व सुधार कार्ययोजना तयारी कार्यलाई प्रभावकारी रुपमा अघि बढाउन गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शनको दफा ७ मा उल्लेख गरिएको प्रावधान अनुसार राजस्व परामर्श समितिको मातहतमा पदाधिकारी तथा कर्मचारीहरू समेत गरी ५ देखि ७ जनासम्म सदस्य रहेको कार्यदल गठन गर्न सकिने प्रावधानअनुसार यस गाउँपालिकाको राजस्व परामर्श समितिलाई नै कार्यदलको जिम्मेवारी दिइएको थियो। यस कार्यदलबाट राजस्व सुधार कार्ययोजना तर्जुमा गर्दा अवलम्बन गरिएका प्रकृया तथा प्रतिवेदनको विषयवस्तु तथा गुणस्तर एकिन गरी सुझाव प्राप्त भएको थियो।

### *१.४.७ तथ्याङ्क/सूचना सङ्कलन तथा विश्लेषण*

यस गाउँपालिकाको राजस्व उपशाखा तथा अन्य शाखाहरूबाट अध्ययन टोलीका सदस्यहरूद्वारा विभिन्न शाखाहरू, सरोकारवाला पक्षहरू, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक सूचनाहरू सङ्कलन गरिएको थियो। सङ्कलन गरिएको सूचना तथा तथ्याङ्कबाट राजस्व परिचालनको विद्यमान अवस्था, उपलब्ध सूचनाको आधारमा राजस्वको शीर्षकगत सम्भाव्यता विश्लेषण, राजस्व परिचालनमा देखिएका समस्या र ती समस्याको समाधानकालागि गर्नुपर्ने कार्यहरूको पहिचान गरी राजस्व प्रक्षेपणको प्रारम्भिक दस्तावेज तयार गरियो। यस प्रक्रियामा तपसिल बमोजिमका स्रोतबाट तथ्याङ्क एवं सूचनाहरू सङ्कलन गरिएको थियो:

१. गाउँपालिकाको वस्तुस्थिति विवरण
२. वार्षिक नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम पुस्तिका
३. विगत तीन आ.व.को यथार्थ आय विवरण र चालु आ.व.को अनुमानित आय विवरण तथा आर्थिक ऐन
४. स्थानीय तहको राजस्व सम्बन्धी कार्यविधि तथा कानूनहरू

५. नदीजन्य पदार्थ बिक्रीका लागि बनाइएको प्रारम्भिक वातावरणीय प्रतिवेदन

६. व्यवस्थापन करारमार्फत राजस्व सङ्कलनका लागि गरिएका सम्झौताहरू

७. आन्तरिक आय सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना।

### *१.४.८ तथ्याङ्क विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी*

माथि उल्लेखित अभिमुखीकरण कार्यशालाबाट प्राप्त भएको सूचना तथा तथ्याङ्कको विश्लेषणको आधारमा सरोकारवालासँग थप छलफल गरी राजस्व सुधार कार्ययोजना मस्यौदा प्रतिवेदन तयार पारियो।

### *१.४.९ मस्यौदा प्रतिवेदन प्रस्तुती तथा छलफल*

यसरी तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदनलाई अध्ययनका लागि गाउँपालिकामा पेश गरियो। यस मस्यौदा प्रतिवेदनलाई २०७९ माघ १९ गते गाउँकार्यपालिकाको पदाधिकारीहरू एवं राजस्व परामर्श समितिका सदस्यहरू समक्ष प्रस्तुत गरी आवश्यक सुझावहरू तथा पृष्ठपोषण सङ्कलन गरिएको थियो। त्यहाँबाट प्राप्त सुझावहरूलाई मस्यौदा प्रतिवेदनमा समावेश गरिएको थियो। यस कार्यक्रममा १४ जना पुरुष र ५ जना महिला गरी जम्मा १९ जनाको सहभागिता रहेको थियो।

### *१.४.१० राजस्व सुधार कार्ययोजना अन्तिम दस्तावेज तयारी*

गाउँपालिकाका पदाधिकारीहरू, राजस्व परामर्श समितिका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, राजस्वसँग सम्बन्धित कर्मचारीहरूको उपस्थितिमा मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण गर्दा प्राप्त सुझावहरू समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको थियो।

## १.५ अध्ययनको सीमा

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छः

- गाउँपालिकाको प्रमुख आयस्रोतको रुपमा रहेको सम्पत्ति कर अनुमानका लागि साविक मालपोत कार्यालयमा रहेको गाउँपालिका क्षेत्रभित्रको घर जग्गाको लगत गाउँपालिकामा उपलब्ध नभएको कारण सम्पत्ति कर यति नै प्राप्त हुन सक्छ भन्ने ठोस आधारको अभावले राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरिएको घरसङ्ख्याको आधारमा अनुमान गरिएको छ।
- घरबहाल कर सम्बन्धी एकिन तथ्याङ्क प्राप्त नहुँदा राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरिएको जनगणना घर सङ्ख्या र परिवार सङ्ख्याको फरकको आधारमा भाडामा बस्ने परिवार मानी घर भाडामा लगाउने व्यक्तिहरूको विश्लेषण गरिएको छ।
- एकिन तथ्याङ्क प्राप्त नभएका राजस्व शीर्षकमा गाउँकार्यपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, गाउँपालिकाका पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवाला पक्षहरूसँग गरिएको छलफल र कार्यशालाबाट प्राप्त सूचनाको आधारमा विश्लेषण गरिएको छ।
- राजस्व प्रक्षेपण गर्ने क्रममा कतिपय स्रोतहरूका करदाताको सङ्ख्या सम्बन्धी आधिकारिक आधार तथ्याङ्क प्राप्त हुन नसकेकोले सहभागीहरूले दिएको सूचनालाई आधार मानिएको छ।

- गाउँपालिकाको वस्तुस्थिति अद्यावधिक नभएकोले राजस्वसँग सम्बन्धित तथ्याङ्कको अभावमा सरोकारवालाहरूले अनुमानमा दिइएको तथ्याङ्कलाई नै आधार मानिएको छ।
- घर जग्गा रजिष्ट्रेसनबाट प्राप्त हुने रकम गत वर्षका प्राप्त नभएकोले अघिल्लो वर्षको आधारमा गरिएको छ।

# परिच्छेद - दुईः राजस्व परिचालन सम्बन्धी गाउँपालिकाको विद्यमान अवस्था

गाउँपालिकाको राजस्व परिचालनसँग सम्बन्धित आन्तरिक तथा वाह्य पक्षहरूलाई यस परिच्छेद अन्तर्गत विश्लेषण गरिएको छ। विशेषतः गाउँपालिकाको परिचय, आन्तरिक आय परिचालनको विद्यमान अवस्था र हालका मुख्य सवालहरूलाई छोटकरीमा व्याख्या गरिएको छ। यसले गाउँपालिकाको आय सङ्कलनका लागि संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्नेछ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

प्यूठान जिल्लाको सदरमुकामदेखि १७ कोष दक्षिणमा महाभारत श्रृखलाको तल्लो भागमा भित्री मधेश र चुरे पहाडी क्षेत्रमा यो सरुमारानी गाउँपालिका अवस्थित रहेको छ। धार्मिक हिसावले महत्वपूर्ण मानिने स्वर्गद्धारी जाने प्रवेशद्धारको रुपमा यो गाउँपालिका रहेको छ। पूर्वपश्चिम राजमार्ग अन्तर्गत दाङ्गको भालुवाङ्गबाट ८ कि.मी. उत्तरबाट यस गाउँपालिकाको सिमारम्भ हुन्छ। चुरे पर्वतको काख र चुरे पर्वतदेखि उत्तर र माहाभारत श्रृखलादेखि दक्षिणमा अवस्थित रहेको छ। मोक्ष प्राप्तीको लागी पवित्र स्थल मानिने ऐरावती नजिकै मिसिने राप्ती नदी यहाँको जलश्रोतको प्रमुख श्रोतको रुपमा रहेको छ। यस नदिमा बहुचर्चित नौमुरे बहुउद्देश्यीय जलविद्युत आयोजना पनि यो गाँउपालिका बासिको सपना रहेको छ। यो नदि स्नान तिर्थको लागि भारतको गंगा नदी जस्तै पवित्र स्थलको रुपमा मानिन्छ। यो नदिको किनारमा रहेका वडा नं १ र २ को उर्वर भूमिमा सिंचाईको सम्भावना रहेको छ ।

### *२.१.१ राजनीतिक तथा प्रशासनिक अवस्थिति*

यो गाउँपालिका साविक बाङ्गेसाल, हंशपुर, ढङ्गेगढी गाविस पुरै र तिराम गाविसको वडा नं. ५ देखि ९ र धुवाङ गाविसको वडा नं. ७ र ८ गाभिएर हाल ६ वटा वडा बनेको छ भने यसको केन्द्र साविक ढुङ्गेगढी गाविसको बङ्गाँडा र हालको ४ नं वडामा रहेको छ। यो गाउँपालिका गठन हुँदा समायोजन गरिएका साविकका गा.वि.स.हरूका वडाहरूबाट बनाइएका नयाँ वडाहरू तथा ती वडाहरूले ओगट्ने क्षेत्रफलसहित देहायको तालिकामा दिइएको छ।

**तालिका नं १:** गाउँपालिकाको वडागत विवरण

| क्र.सं. | नयाँ वडा | समावेश गाविस / नगरपालिका | क्षेत्रफल(वर्ग कि.मी.) |
|---|---|---|---|
| १ | १ | बाङ्गेसाल(१-५) | २६.२५ |
| २ | २ | बाङ्गेसाल(६-९) | ३२.०८ |
| ३ | ३ | हंशपुर(१-८) | २६.३३ |
| ४ | ४ | ढुङ्गेगढी (१-५), हंसपुर (९) र धुवाङ्ग (७,८) | २६.१५ |
| ५ | ५ | ढुङ्गेगढी(६-९) | २२.०३ |
| ६ | ६ | तिराम(५-९) | २५.१३ |
| | **जम्मा** | | **१५७.९७** |

*स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय २०७९*

### *२.१.२ भौगोलिक अवस्थिति*

यस गाउँपालिकाको पूर्वमा प्युठान जिल्लाको ऐरावती गाउँपालिका र अर्घाखाँची जिल्लाको सितगंगा नगरपालिका, पश्चिममा दाङ्ग जिल्लाको बंगलाचुली गाउँपालिका, उत्तरमा प्युठानको ऐरावती गाउँपालिका र माण्डवी गाउँपालिका र दक्षिणमा दाङ्ग जिल्लाको राप्ती गाउँपालिका र अर्घाखाँची जिल्लाको सितगंगा नगरपालिका पर्दछ। धार्मिक हिसाबले अत्यन्त महत्वपूर्ण मानिने स्वर्गद्वारी मन्दिर जाने प्रवेशद्वारको रुपमा रहेको यो गाउँपालिका पूर्व-पश्चिम राजमार्ग अन्तर्गत पर्ने दाङ्ग जिल्लाको भालुवाङ्गबाट ८ कि.मी. उत्तरतर्फ लागेपछि यसको सिमाक्षेत्र प्रारम्भ हुन्छ। प्यूठान जिल्लाको सदरमुकाम खलङ्गादेखि १७ कोष दक्षिणमा महाभारत श्रृखलाको तल्लो भागमा, भित्री मधेश र चुरे पहाडी क्षेत्रमा यो गाउँपालिका रहेको छ। समुन्द्री सतहवाट ३१७ मि. देखि १८१५ मी.को उचाई सम्म रहेको यो गाउँपालिका ८२ डिग्री ४४ मिनेट ३३.३६ सेकेण्ड देखि ८२ डिग्री ५६ मिनेट ४०.२८ सेकेण्ड पूर्वी देशान्तर र २७ डिग्री ५२ मिनेट ३६.८९ सेकेण्ड देखि २८० ० मिनेट ३७.०६" उत्तरी अक्षांशसम्म फैलिएको छ ।

### *२.१.३ ऐतिहासिक चिनारी र नामाकरण*

यस गाउँपालिकाको नामाकरण यहाँ रहेको भौगोलिक सबैभन्दा अग्लो पहाड सरुमारानीबाट रहेको हो। यो पहाड साविकको ढुङ्गेगढी र तिराम गाविसमा हालको सरुमारानी वडा नं ४, ५ र ६ को सिमानामा पर्दछ। सरुमारानी पहाडको नाम कसरी रहयो भन्ने विषयमा बाइसे चौबिसे राज्यको समयमा त्यस राज्यकी रानी अग्लो पडाडको टुप्पा अर्थात शिरमा गएर नेपालको दक्षिणी तराई तथा भारतको मनोरम दृश्य हेर्न जाने गर्दथिन। रानी पहाडको टुप्पामा जाँदा त्यहाँका जनताले शिरमा रानी गएकी छन् अर्थात शिरमा रानी, शिरमा रानी भन्दा भन्दै जाँदा अपभ्रंश भएर सरुमारानी नाम रहन गएको जनविश्वास रहेको छ।

### *२.१.४ क्षेत्रफल, भूबनौट तथा भूउपयोग*

गाउँपालिकाको विद्यमान भू-उपयोग हेर्दा गाउँपालिकाको २१.५ प्रतिशत(३३.९८ वर्ग कि.मी) खेती योग्य जमिन, ७३.५ प्रतिशत (११६.१३ वर्ग कि.मी.) वनजंगलले ढाकेको छ। त्यस्तै गरी आवास क्षेत्रले १.४ प्रतिशत (२.२ वर्ग कि.मी.) अन्य क्षेत्र(उद्योग, सार्वजनिक क्षेत्र, साँस्कृतिक क्षेत्र) ०.३ प्रतिशत ओगटेको छ। यस गाउँपालिकाको भुउपयोग सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं २:** गाउँपालिकाको भूउपयोग सम्बन्धी विवरण

| क्र.सं. | विवरण | क्षेत्रफल(वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ३३.९८७२ | २१.५ |
| २ | वन क्षेत्र | ११६.१३०७ | ७३.५ |
| ३ | आवास क्षेत्र | २.२०८४ | १.४ |
| ४ | नदि नाला | ४.९९८२ | ३.२ |
| ५ | अन्य क्षेत्र | ०.६४७२ | ०.३० |
| | जम्मा | १५७.९७१७ | १०० |

*स्रोत: भू-सूचना प्रणाली नक्सा*

### *२.१.५ जनसङ्ख्या तथा घरपरिवार सङ्ख्या*

कुल ६ वडामा विभाजन गरिएको यस गाउँपालिकाको वडागत जनसङ्ख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसङ्ख्या भएको वडा नं ३ रहेको छ। सबैभन्दा थोरै जनसङ्ख्या भएको वडा नं.५ मा रहेको छ। सबैभन्दा बढी जनघनत्व वडा नं ३ मा रहेको छ। सबैभन्दा कम जनघनत्व वडा न २ मा रहेको छ।

राष्ट्रिय जनगणना प्रारम्भिक प्रतिवेदन २०७८ अनुसार यस गाउँपालिकाको घरसङ्ख्या ४१२५, परिवार सङ्ख्या ४४८८ र जनसङ्ख्या १९३७० रहेको छ। जनगणना २०६८ मा यस गाउँपालिकाको जनसङ्ख्या १८६२७ थियो। २०६८ को जनसङ्ख्यासँग तुलना गर्दा यस गाउँपालिकाको जनसङ्ख्या ०.३९ प्रतिशतले बढ्दै आएको छ।

**तालिका नं ३:** गाउँपालिकाको जनसङ्ख्या तथा घरधुरी सम्बन्धी विवरण

| क्र.सं. | नयाँ वडा | समावेश गाविसहरू | जनसंख्या | क्षेत्रफल(वर्ग कि.मी.) | जनघनत्व |
|---|---|---|---|---|---|
| १ | १ | बाङ्गेसाल(१-५) | ३१९७ | २६.२५ | १२१.७९ |
| २ | २ | बाङ्गेसाल(६-९) | ३४१० | ३२.०८ | १०६.३० |
| ३ | ३ | हंशपुर(१-८) | ३४४० | २६.३३ | १३०.६५ |
| ४ | ४ | ढुङ्गेगढी (१-५), हंसपुर (९) र धुवाङ्ग (७,८) | ३०६४ | २६.१५ | ११७.१७ |
| ५ | ५ | ढुङ्गेगढी(६-९) | २४९८ | २२.०३ | ११३.३९ |
| ६ | ६ | तिराम(५-९) | ३०१८ | २५.१३ | १२०.१० |
| | **जम्मा** | | **१८६२७** | **१५७** | ११८.६४ |

*स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशाशन मन्त्रालय २०७९*

### *२.१.६ नदीनाला सम्बन्धी विवरण*

राप्ती नदी सरुमारानी गाउँपालिकाको प्रमुख नदी हो। यस बाहेक यस गाउँपालिकाको क्षेत्र भएर बग्ने अन्य सहायक नदी तथा खोलाहरूमा माडी नदी, पुठाखोला, गनाहा खोला, सुखा खोला पर्दछन्। यस क्षेत्रमा बहने नदीहरूको विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं ४:** नदि नाला सम्बन्धी विवरण

| क्र.सं. | नदी तथा खोला | समेटिएको क्षेत्र वा ठाउँ |
|---|---|---|
| १ | राप्ती नदी | सरुमारानी गा.पा. १, २, ३ |
| २ | सुखा खोला | सरुमारानी गा.पा. १, २ |
| ३ | सिम्ले खोला | सरुमारानी गा.पा. १ |
| ४ | बोदने खोला | सरुमारानी गा.पा. १ |

| क.सं. | नदी तथा खोला | समेटिएको क्षेत्र वा ठाउँ |
|---|---|---|
| ५ | हडबडे खोला | सरुमारानी गा.पा. १ |
| ६ | धाद्र खोला | सरुमारानी गा.पा. १ |
| ७ | बसेनी खोला | सरुमारानी गा.पा. १ |
| ८ | राइपाले खोला | सरुमारानी गा.पा. १ |
| ९ | खारखोली | सरुमारानी गा.पा. १ |
| १० | गनाहा खोला | सरुमारानी गा.पा. २, ५ |
| ११ | ढाँड खोला | सरुमारानी गा.पा. २ |
| १२ | दर्भान खोला | सरुमारानी गा.पा. २ |
| १३ | खार खोला | सरुमारानी गा.पा. २ |
| १४ | ददेरी खोला | सरुमारानी गा.पा. २ |
| १५ | घोसखोला | सरुमारानी गा.पा. २ |
| १६ | चरुङ्गे खोला | सरुमारानी गा.पा. २ |
| १७ | माडी नदी | सरुमारानी गा.पा. ३, ४, ६ |
| १८ | बड्खोला | सरुमारानी गा.पा. ३ |
| १९ | बिराहा खोला | सरुमारानी गा.पा. ३ |
| २० | झाक्री खोला | सरुमारानी गा.पा. ३ |
| २१ | बुढो खोला | सरुमारानी गा.पा. ३ |
| २२ | वेवरे खोला | सरुमारानी गा.पा. ३ |
| २३ | फलाटे खोला | सरुमारानी गा.पा. ३ |
| २४ | तालपानी खोला | सरुमारानी गा.पा. ४ |
| २५ | साङ खोला | सरुमारानी गा.पा. ४ |
| २६ | पुठा खोला | सरुमारानी गा.पा. ५, ६ |
| २७ | बूढी खोला | सरुमारानी गा.पा. ५ |
| २८ | मालागेडी खोला | सरुमारानी गा.पा. ६ |
| २९ | बाय खोला | सरुमारानी गा.पा. ६ |
| ३० | भिंगृ खोला | सरुमारानी गा.पा. ६ |

*स्रोतः सरुमारानी गाउँपालिकाको आवधिक योजना २०७८*

### २.१.७ ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, माटो

यस गाउँपालिकाको क्षेत्र भएर बग्ने राप्ती नदीबाट वातावरणीय र पर्यावरणीय प्रभाव मूल्याङ्कन गरेर गिट्टी, ढुङ्गा, बालुवा, आदि प्रशस्त मात्रामा उत्खनन गरी बिक्री गर्ने सम्भावना रहेको छ। ती खोलाहरूबाट नदीजन्य पदार्थको बिक्री गरी गाउँपालिकाले आय सङ्कलन गरिरहेको छ।

### २.१.८ साँस्कृतिक तथा पर्यटकीय स्थल र सम्पदाहरू

सरुमारानी गाउँपालिका धार्मिक, ऐतिहासिक र पर्यटकीय क्षेत्र स्वर्गद्वारी जाने मुख्य प्रवेशद्वार हो। यहाँको प्रत्येक वडामा कुनै न कुनै प्रकारका महत्व बोकेका पर्यटकीय क्षेत्रहरू रहेका छन्। अर्कोतर्फ गाउँपालिकामा रहेका गुरुङ, मगर, क्षेत्री, ब्राह्मण, जस्ता जातिहरूको मौलिक संस्कृति, रहनसहन, खानपान, भेषभुषा मध्य पहाडी गोर्खाली सभ्यताका परिचयको रुपमा रहेका छन्। गाउँपालिकामा पर्यटकीय क्षेत्रहरूको विवरण निम्नानुसार छन्:

तालिका नं ५: पर्यटकीय स्थल सम्बन्धी विवरण

| क्र.सं. | धार्मिक तथा पर्यटकीय स्थलको नाम | वडा नं. | ठेगाना | विशेषता |
|---|---|---|---|---|
| १. | ठुलो झाक्री पोखरा मन्दिर | १ | झात्री पोखरा | धार्मिक |
| २. | छहरे बराह मन्दिर | १ | छहरे खोला | धार्मिक |
| ३. | जामा मस्जिद | १ | मियाटोल | धार्मिक |
| ४. | नुरी मस्जिद | १ | मियाटोल | धार्मिक |
| ५. | फैजुल इस्लाम मदरसा | १ | मियाटोल | धार्मिक |
| ६. | कालिका मन्दिर | १ | गाटुटोल | धार्मिक |
| ७. | दुर्गा मन्दिर | १ | अटिटार | धार्मिक |
| ८. | शिव मन्दिर | २ | फोर्साबाङ | धार्मिक |
| ९. | स्वर्गद्वारी प्रवेशद्वार | २ | ददेरी | पर्यटकीय |
| १०. | सुपा मन्दिर | २ | रानीपौवा | पर्यटकीय |
| ११. | खड्केश्वरी दुर्गा मन्दिर | २ | मैदान | पर्यटकीय |
| १२. | ऐरावती मन्दिर | ३ | दुमै | धार्मिक |
| १३. | कोटघर मन्दिर (खडकमहाराजा) | ३ | हंशपुर | ऐतिहासिक, धार्मिक |
| १४. | मसाजित | ३ | पालुथान | धार्मिक |
| १५. | रानीकुवा | ४ | गढी | धार्मिक, ऐतिहासिक |
| १६. | सिद्ध लेक | ४ | सिद्धलेक | पर्यटकीय |
| १७. | तालपानी बराह मन्दिर | ४ | तालापानी | धार्मिक |

| क्र.सं. | धार्मिक तथा पर्यटकीय स्थलको नाम | वडा नं. | ठेगाना | विशेषता |
|---|---|---|---|---|
| १८. | हापुर खोला झरना | ४ | हापुरखोला | पर्यटकीय |
| १९. | गढी दरबार | ४ | गढी दरवार | ऐतिहासिक |
| २०. | पुठा दरबार | ५ | हातिखाल | धार्मिक, ऐतिहासिक |
| २१. | सिद्धलेक | ५ | सौराकोट | धार्मिक, पर्यटकिय |
| २२. | चौके ढुङ्गा | ५ | लुकलुके | ऐतिहासिक |
| २३. | कोटघर | ५ | विरिङ्गकोट | धार्मिक |
| २४. | संग्राकोटको कमला मन्दिर | ५ | संग्राकोट | धार्मिक |
| २५. | भगवती मन्दिर | ५ | राङवाङ | धार्मिक |
| २६. | देवीस्थान मन्दिर | ५ | जसपुर | धार्मिक |
| २७. | सरुमारानी लेक | ६ | किमीचौर | पर्यटकीय |
| २८. | तिनकुने दह | ६ | किमीचौर | पर्यटकीय |
| २९. | लसुनेभिर | ६ | पाङकोट | पर्यटकीय |
| ३०. | सिद्धलेक | ६ | बुढीचौर | पर्यटकीय |
| ३१. | गोधधारा गुफा | ६ | किमिचौर | पर्यटकीय |
| ३२. | भिग्रीखोला गुफा | ६ | भिग्रीखोला | पर्यटकीय |
| ३३. | भालु गुफा | ६ | पाङकोट | पर्यटकीय |

*स्रोतः गाउँपालिकाको आवधिक योजना २०७८*

## २.२ गाउँपालिकाको मानव संशाधनको अवस्था

यस गाउँपालिकाको राजस्व परिचालनका लागि नीतिगत सुझाव तथा अनुगमनका लागि उपाध्यक्षको संयोजकत्वमा निजी क्षेत्रको समेत प्रतिनिधित्व गर्ने उद्योग तथा वाणिज्यसँग सम्बन्धित संस्थाहरूको प्रतिनिधिहरूसमेत रहेको ६ सदस्यीय राजस्व परामर्श समितिको गठन भै कार्यरत रहेको छ। यस समितिलाई नै राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि कार्यदलको जिम्मेवारी दिइएको छ।

**तालिका नं ६:** राजस्व परामर्श समितिको नामावली

| क्र.सं. | नाम | पद | समिति/जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री बसन्ता खड्का | उपाध्यक्ष | संयोजक |
| २ | श्री चिन्तामणी रेग्मी | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | श्री महम्मद हलिम हलुवाई | कार्यपालिका सदस्य | सदस्य |
| ४ | श्री चन्द्रिमा थापा | कार्यपालिका सदस्य | सदस्य |

| क्र.सं. | नाम | पद | समिति/जिम्मेवारी |
|---|---|---|---|
| ५ | योगेश सारू | उद्योग वाणिज्य संघ प्रतिनिधि | सदस्य |
| ६ | श्री साधना सिंह | राजस्व उपशाखा प्रमुख | सदस्य सचिव |

*स्रोतः सरुमारानी गाउँपालिकाको कार्यालय २०७९*

### *२.२.१ संगठन संरचना (महाशाखा, शाखा, उपशाखा र उप शाखा)*

यस गाउँपालिकामा संगठन संरचनामा राजस्व प्रशासन उपशाखालाई वित्तीय व्यवस्थापन शाखा अन्तर्गत राखिएको छ। यस राजस्व उपशाखामा सहायक पाँचौ तहको १ जना र चौथो तहको १ जना गरी २ जना कर्मचारीको दरबन्दी तोकिएको छ।




### *२.२.२ राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण*

राजस्व प्रशासनका लागि राजस्व उपशाखामा महिला बालबालिका शाखामा कार्यरत सहायकस्तर पाँचौ तहका कर्मचारीलाई राजस्व संकलनको जिम्मेवारी दिइएको छ।

**तालिका नं ७:** राजस्व प्रशासन शाखामा कार्यरत कर्मचारीको विवरण

| क्र.सं. | पद | दरबन्दी | कार्यरत सङ्ख्या |
|---|---|---|---|
| १ | सहायकस्तर पाँचौ | १ | १ |
| २ | सहायक चौथो | १ | ० |

*स्रोतः सरुमारानी गाउँपालिकाको कार्यालय २०७९*

### *२.२.३ राजस्व प्रशासन तथा परिचालनको व्यवस्था*

#### क) राजस्व परिचालन सम्बन्धी स्थानीय नीति तथा कानून

यस गाउँपालिकाले राजस्व परिचालनसँग सम्बन्धित ऐन, निर्देशिका, कार्यविधि निर्माण गरेको गरी राजपत्रमा प्रकाशित गरेको छ। राजपत्रमा प्रकाशित गरिएका राजस्वसँग सम्बन्धित ऐन, निर्देशिका तथा कार्यविधिहरू गरी २६ वटा रहेका छन्।

**ऐनहरु:**

१) स्थानीय तहको आर्थिक ऐन (६ वर्षको)
२) स्थानीय तहको विनियोजन ऐन (६ वर्षको)
३) सरुमारानी गाउँपालिका स्थानीय तह सहकारी ऐन २०७५
४) सरुमारानी गाउँपालिका कृषि विकास तथा व्यवसाय प्रवर्द्धन ऐन २०७६
५) सरुमारानी गाउँपालिका औद्योगिक व्यवसाय ऐन २०७६
६) सरुमारानी गाउँपालिका सार्वजनिक निजि साझेदारी ऐन २०७६
७) सरुमारानी गाउँपालिका संस्था दर्ता ऐन २०७
८) एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) गर्न बनेको ऐन २०७८

**कार्यविधि:**

१) सरुमारानी गाउँपालिकाको घ वर्गको निर्माण व्यवस्थापन ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७५
२) सरुमारानी गाउँपालिका व्यवसायदर्ता तथा नविकरण कार्यविधि, २०७५
३) सरुमारानी गाउँपालिका बजार अनुगमन निर्देशिका २०७५
४) सरुमारानी गाउँपालिका साधारण नदिजन्य सामाग्री ढुंगा गिट्टी बालुवा उत्खनन् तथा निकासी सम्बन्धी कार्यविधि २०७६
५) सरुमारानी गाउँपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि २०७६
६) सरुमारानी गाउँपालिका घर बहाल कर व्यवस्थापन कार्यविधि २०७६
७) सरुमारानी गाउँपालिका घर जग्गा नक्शा अभिलेखिकरण कार्यविधि २०७७
८) सरुमारानी गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी कार्यविधि, २०७८
९) स्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८
१०) सरुमारानी गाउँपालका औद्योगिक ग्राम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८
११) स्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८
१२) सरुमारानी गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७८
१३) बेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७
१४) सरुमारानी गाउँपालिकाको घर नक्शा अभिलेखीकरण कार्यविधी, २०७७
१५) सरुमारानी गाउँपालिका क्षेत्रभित्र टेम्पो तथा अटोरिक्सा व्यवस्थापन निर्देशिका २०७७

१६) प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७

१७) नदिजन्य पदार्थ निकासा कार्यविधि २०७६

१८) व्यवसाय दर्ता तथा नविकरण कार्यविधि २०७५

### ख) राजस्व परिचानका लागि आवश्यक देखिएका कार्यविधिहरू

- सम्पत्ति कर सङ्कलन कार्यविधि
- बहाल बिटौरी शुल्क सङ्कलन कार्यविधि
- आन्तरिक आय सङ्कलन तथा आय(ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि
- फोहरमैला व्यवस्थापन नियमावली

## २.३ गाउँपालिकाको सम्पत्ति विवरण

### *२.३.१ सवारी तथा निर्माण साधन (जीप, जेसिबी, ट्रिपर, ट्रयाक्टर आदि)*

यस गाउँपालिकामा २ वटा एम्बुलेन्स,१ वटा पिकअप भ्यान र १८ वटा मोटरसाइकल रहेका छन्। दुइवटा एम्बुलेन्स मध्ये १ वटा बाङ्गेसाल स्वास्थ्य चौकी र १ वटा हंशपुर स्वास्थ्य चौकीलाई सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी दिइएको छ। आगामी वर्षमा वडा नं ६ मा पनि १ वटा एम्बुलेन्स किनेर सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी दिने तयारी रहेको छ। यस गाउँपालिकामा रहेका सवारी साधनहरूको उपयोग सम्बन्धी विवरण देहाय तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं ८:** गाउँपालिकामा रहेका निर्माण तथा सवारी साधन सम्बन्धी विवरण

| क्र.सं. | मेसिन औजार तथा अन्य उपकरण | एकाई | सङ्ख्या | हालको उपयोग | भाडा दर रु |
|---|---|---|---|---|---|
| १ | पिकअप भ्यान | सङ्ख्या | १ | अफिस प्रयोजन | |
| २ | मोटरसाइकल र स्कुटर | सङ्ख्या | १८ | अफिस प्रयोजन | |
| ३ | एम्बुलेन्स | सङ्ख्या | २ | उपचारमा सहयोग | |

*स्रोतः सरुमारानी गाउँपालिकाको कार्यलिय २०७९*

## २.४ आर्थिक अवस्था

### *२.४.१ बैंक तथा वित्तीय संस्था*

यस गाँउपालिकामा वित्तीय क्षेत्रलाई चलायमान बनाउन २ वटा बैंक तथा ३ वटा वित्तीय संस्थाहरू सञ्चालनमा रहेका छन्। जस अन्तर्गत वडा नं.२ दर्भानमा ज्योति विकास बैक, वडा नं.४ बड्डाँडामा प्राईम कमर्सियल बैक, जनउत्थान लघु वित्त संस्था तथा जाल्पा सामुदायिक विकास केन्द्र र वडा नं २ मा उपकार लघुवित्त संस्था रहेका छन्। यहाँ हाल विधिवत रुपमा दर्ता भई सञ्चालनमा रहेका ९ वटा सहकारी संस्थाहरू रहेका छन्। जसमध्ये वडा नं.१ मा साना किसान कृषि सहकारी र सक्रिय सामाजिक उद्यमी महिला सहकारी,

वडा नं.२ मा नयाँ कृषि अभियान सहकारी, वडा नं. ३ मा शान्तीकुञ्ज सामाजिक उद्यमी महिला सहकारी, र हंसपुर बचत तथा ऋण सहकारी, वडा नं. ४ मा ऐरावती बहुउद्देश्यीय साना किसान सहकारी, वडा नं. ५ मा श्रृजनशिल कृषि सहकारी, वडा नं ६ मा सरुमारानी सामाजिक उद्यमी महिला सहकारी लगायत रहेका छन।यी संस्थाहरू महिला, ऋण तथा बचत, कृषि, बहुउद्देश्यीय तथा उद्यमी गरी ६ प्रकारका छन्।यी सहकारीहरू मुख्य गरी घना वस्ती भएका मुख्य बजार केन्द्रहरूमा केन्द्रित रहेका छन् ।

**तालिका नं ९:** गाउँपालिकामा रहेका बैंक तथा वित्तीय संस्था सम्बन्धी विवरण

| क.सं. | वित्तीय संस्थाको नाम | वडा नं | ठेगाना |
|---|---|---|---|
| १ | ज्योति विकास बैक | २ | दर्भान |
| २ | प्राईम कमर्सियल बैक | ४ | बड्डाँडा |
| ३ | जनउत्थान लघु वित्त संस्था | ४ | बड्डाँडा |
| ४ | जाल्पा सामुदायिक विकास केन्द्र | ४ | बड्डाँडा |
| ५ | उपकार लघुवित्त संस्था | २ | |
| ६ | साना किसान कृषि सहकारी | १ | |
| ७ | सक्रिय सामाजिक उद्यमी महिला सहकारी | १ | |
| ८ | नयाँ कृषि अभियान सहकारी | २ | |
| ९ | शान्तीकुञ्ज सामाजिक उद्यमी महिला सहकारी | ३ | |
| १० | उद्यमी कृषि सहकारी | ३ | |
| ११ | हंसपुर बचत तथा ऋण सहकारी | ३ | |
| १२ | ऐरावती बहुउद्देश्यीय साना किसान सहकारी | ४ | |
| १३ | श्रृजनशिल कृषि सहकारी | ५ | |
| १४ | सरुमारानी सामाजिक उद्यमी महिला सहकारी | ६ | |

*स्रोतः सरुमारानी गाउँपालिकाको कार्यालय २०७९*

### *२.४.२ बजार तथा हाट बजार*

यस गाँउपालिकाको मुख्य व्यापारिक केन्द्रहरू वडा न. १ र २ को दर्भान बजार वडा न. ३ को पालुथान, हसंसुर, दुमै, वडा नं.४ को बड्डाडा, धनकोट, डुम्रुङ्गे, कुडुले बजार वडा नं. ५ को जसपुर, सौराकोट, विरिङकोट, प्यालीमाटी, गोलधारा, हात्तिखाल, बुढीचौर र वडा नं.६ को बुढीचौर, पाङवाङ, किमीचौर, भिम्रीखोला, पाङकोट लगायतका बजार क्षेत्रहरू रहेका छन।व्यापारिक केन्द्रको रूपमा क्रमशः विस्तार हुँदै

गइरहेका छन्। भविष्यमा बजार व्यवस्थापन गर्न सकिने सम्भाव्य क्षेत्रहरू मध्ये वडा नं १ को दर्भान, साना किसान, वडा नं २ को १४ नं. को बगाले-ऐलानी जग्गा) , वडा नं ३ को पालुथान, वडा नं ४ को ओखर डाँडा, छतिवन, दमार, वडा नं ५ को जसपुर दरवान चौर, कुढो पैरो, रातोडाँडा, चौकी डाँडा र वडा नं ६ को बुढीचौर क्षेत्र हुन ।

**तालिका नं १०:** प्रमुख बजार सम्बन्धी विवरण

| क.सं | मुख्य व्यापारिक केन्द्रको विवरण | वडा नं. |
|---|---|---|
| १ | दर्भान बजार | १ |
| २ | दर्भान बजार | ३ |
| ३ | पालुथान, हसंसुर, दुमै | ३ |
| ४ | बड्डाडा, धनकोट, डुम्रुङ्गे, कुड्ले | ४ |
| ५ | जसपुर, सौराकोट, विरिङकोट, प्यालीमाटी, गोलधारा, हात्तिखाल, बुढीचौर | ५ |
| ६ | बुढीचौर, पाङवाङ, किमीचौर, मिग्रीखोला, पाङकोट | ६ |

*स्रोतः सरुमारानी गाउँपालिकाको कार्यलिय २०७९*

### *२.४.३ उद्योग तथा व्यवसाय सम्बन्धी विवरण*

यस गाउँपालिकामा ठूला उद्योगहरू रहेका छैनन। कुटानी पिसानी तथा फर्निचर उद्योग तथा अन्य व्यवसायहरू गरी जम्मा ७६० वटा उद्योग तथा व्यवसायहरू रहेका छन। ती मध्ये सबैभन्दा बढी किराना पसल र त्यसपछि पोल्ट्री तथा कृषि फर्म रहेका छन। उद्योग तथा व्यवसायहरू सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं ११:** गाउँपालिकामा रहेका उद्योगहरूको विवरण

| क.स. | व्यवसायको नाम | व्यवसायको सख्या |
|---|---|---|
| १ | किराना पसल | १७५ |
| २ | पोल्ट्री तथा कृषि फर्म | १०६ |
| ३ | फेन्सी तथा कपडा पसल | ४६ |
| ४ | मासु पसल | १७ |
| ५ | कस्मेटिक | १५ |
| ६ | होटल तथा गेष्ट हाउस | ४५ |
| ७ | क्लिनिक र स्वास्थ केन्द्र फार्मेसी | ११ |
| ८ | टेलर | १२ |
| ९ | चिया नास्ता | २५ |

| क्र.स. | व्यवसायको नाम | व्यवसायको सख्या |
|---|---|---|
| १० | ब्लक उद्योग | ३ |
| ११ | वाटर उद्योग | १ |
| १२ | स्टेसनरी | ७ |
| १३ | हार्डवयर | ५ |
| १४ | कुल्फी पसल | १ |
| १५ | पशु फर्म | १५९ |
| १६ | कुटानी पिसानी मिल | १७ |
| १७ | इलेक्ट्रोनिक्स | ११ |
| १८ | वर्क शप | ५ |
| १९ | फोटो स्टुडियो | ५ |
| २० | सुन चाँदी पसल | ९ |
| २१ | मोबाइल पसल | ७ |
| २२ | बैंक | २ |
| २३ | लघु वित्त | ३ |
| २४ | भाडा पसल | ३ |
| २५ | पार्लर | ४ |
| २६ | डेरी | १ |
| २७ | ग्रील पसल | ७ |
| २८ | काष्ठ उद्योग | ३ |
| २९ | कोल्ड ड्रिक्स तथा मदिरा पसल | ३ |
| ३० | टेन्ट तथा साउड | २ |
| ३१ | फर्निचर | ६ |
| ३२ | मनि ट्रान्सफर | २ |
| ३३ | चाउमिन उद्योग | ३ |
| ३४ | ब्लक उद्योग | १ |
| ३५ | सस उद्योग | २ |
| ३६ | तरकारी तथा फलफुल | ७ |

| क.स. | व्यवसायको नाम | व्यवसायको सख्या |
|---|---|---|
| ३७ | सप्लायर्स | ३ |
| ३८ | चप्पल उद्योग | १ |
| ३९ | विविध | २५ |
| | जम्मा | ७६० |

*स्रोतः सरुमारानी गाउँपालिकाको वस्तुस्थिति विवरण २०७९*

### *२.४.४ सार्वजनिक शौचालय सम्बन्धी विवरण*

यस गाउँपालिकाका २ स्थानमा सार्वजनिक शौचालय सञ्चालनमा रहेका छन्। वडा नं ४ मा अवस्थित शौचालयमा सेवा शुल्क उठाउने गरिएता पनि पानीको अभावमा सञ्चालनमा ल्याउन कठिनाइ हुने गरेको अवस्था छ।

**तालिका नं १२:** शौचालय सम्बन्धी विवरण

| क.सं. | सार्वजनिक शौचालय रहेको स्थान | वडा न. | सञ्चालक | सञ्चालनको अवस्था |
|---|---|---|---|---|
| १ | बड्डडाँडा | ४ | धार्मिक सस्था | शुल्क उठाउने गरेको |
| २ | सरुमारानी ददेरी | २ | | |

# परिच्छेद - तीनः गाउँपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय तहलाई प्राप्त राजस्व अधिकार र सो अधिकारको कार्यान्वयन, सम्भावना, समस्या तथा चुनौतीहरू र सुधार गर्नुपर्ने कार्यहरूको शीर्षकगत विश्लेषण गरिएको छ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

यस शीर्षकमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (परिमार्जित २०७५) तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ (परिमार्जित २०७५) मा व्यवस्था गरिएका स्थानीय सरकारको राजस्व अधिकार सम्बन्धी प्रावधानहरू प्रस्तुत गरिएको छ।

### *३.१.१ संवैधानिक व्यवस्था*

नेपालको संविधान २०७२ को अनुसूची-८ (स्थानीय तहको अधिकार सूची) को प्रावधानअनुसार स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छः

- सम्पत्ति कर
- भूमिकर (मालपोत)
- घर जग्गा बहाल कर
- घर जग्गा रजिष्ट्रेसन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी
- सवारी साधन कर
- सेवा शुल्क, दस्तुर
- मनोरञ्जन कर
- दण्ड जरिवाना

त्यसैगरी नेपालको संविधान २०७२ मा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी निम्न धारामा थप प्रावधान देहायअनुसार रहेको छः

**धारा २२८ कर लगाउन वा ऋण लिन नपाईने**

(१) कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै पनि किसिमको कर लगाउन, उठाउन र ऋण लगाउन पाईने छैन।

(२) स्थानीय तहको अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ।

**धारा २३६ अन्तर प्रदेश व्यापार**

संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको वाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महशुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाईने छैन।

यस प्रावधानअनुसार एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वस्तुको ढुवानी गर्दा पटके कर सङ्कलन गर्न पाइने छैन।

### *३.१.२ कानूनी व्यवस्था (स्थानीय सरकार सञ्चालन ऐन २०७४)*

सङ्घीय कानून (स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरिएको छः

**(क) गाउँपालिकाको एकल अधिकारः**

**अ) कर**

१) **सम्पत्ति करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन २०७५) को दफा ५५ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सम्पत्ति कर लगाउन पाउने व्यवस्था गरेको छ।यसरी सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनुपर्ने व्यवस्था गरेको छ। **"घरले चर्चेको जग्गा"** भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गालाई बुझाउँछ।घर जग्गामा सम्पत्ति कर लगाउँदा घर जग्गाको मूल्याङ्कनका आधारहरू देहायबमोजिम हुनेछन्:




(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

(घ) सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताका आधारमा

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको घर घरजग्गामा सम्पत्ति कर लाग्ने छैनः

(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घरजग्गा

(२) सरकारी अस्पतालको घर र घरजग्गा,

(३) गुठीको स्वामित्वमा रहेको घर र जग्गा

(४) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड, सरकारी संस्थानको घर घरजग्गा

(५) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा

(६) धार्मिक संस्था(मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा

(७) खानेपानी सङ्कलन पोखरी, विद्युत गृह, मसानघाट, कब्रिस्थान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क, जस्ता सार्वजनिक उपयोगका स्थलहरू

(८) राजदुतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा

२) **भूमिकर/मालपोतः** गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र दफा ५५ बमोजिम घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने व्यवस्था गरिएको छ। (दफा ५६)

३) **घर जग्गा बहाल करः** गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा त्यस्तो बहाल रकममा बहाल कर लगाउनेछ।(दफा ५७)

४) **व्यवसाय करः** गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउनेछ।(दफा ५८)

५) **जडीबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, मरेका वा मारिएका जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकारको वस्तुको व्यवसायिक उपयोग गरे बापत जडीबुटी, कवाडी र जीवजन्तु कर लगाउनेछ।(दफा ६१)

## आ) शुल्क

१) **बहाल बिटौरी शुल्कः** गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाटबजार वा पसल वा सरकारी जग्गामा बनेका संरचना उपयोग बापत बहाल बिटौरी शुल्क लगाउनेछ। यो शुल्क ऐलानी जग्गामा बसोबास गर्नेहरूसँग पनि उठाउन सकिनेछ। (दफा ५९)

२) **पार्किङ शुल्कः** गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउने छ। (दफा ६०)

## इ) सेवा शुल्क (दफा ६२)

१) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, र्‍याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउनेछ।

२) गाउँपालिका वा नगरपालिकाले आफुले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोबीघाट, सडक, बसपार्क, पुल आदि लगायत त्यस्तै प्रकारका अन्य सेवामा सेवा शुल्क लगाउनेछ।

३) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क

४) सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

स्थानीय तहले आफैले निर्माण, व्यवस्थापन वा सञ्चालन गरेका पर्यटकीय पूर्वाधारमा प्रवेश शुल्क लिन पाउँछ। तीन तहका सरकार बाहेक अन्य कुनै सरकारी निकाय, समिति वा आयोजनाबाट पर्यटन शुल्क लिन नपाइने व्यवस्था रहेको छ।

## ई) बिक्री गर्न सक्ने (दफा ६२ क)

१) केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दफा ६२ (क) थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय अध्ययन तथा परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न पाउने व्यवस्था गरेको छ।

२) आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि बिक्री गर्न पाउनेछ।

३) नेपाल सरकारबाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्रीबाट सङ्कलित राजस्व मध्ये ६० प्रतिशत स्थानीय सञ्चित कोषमा र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ।

४) मापदण्ड बमोजिम ऐनमा संशोधन नभईसकेको अवस्था रहेको छ।

## उ) सामुदायिक वनबाट आय प्राप्त गर्ने (दफा ६२ ख)

१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने व्यवस्था गरिएको छ।

२) वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ।

नोटः २०७६ आश्विन २७ गते प्रमाणीकरण गरिएको वन ऐन २०७६ ले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ मा भएको प्रावधानलाई यसरी प्रभावित पारेको छः

## ऊ) वन विकासका लागि खर्च गर्नुपर्ने (वन ऐन २०७६ दफा २२ )

१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा ५० प्रति रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिनेछ।

## ए) प्रचलित कानून बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर

दर्ता, अनुमति तथा नवीकरण दस्तुर (दफा ११ को घ को ७)

- स्थानीय सहकारी संस्था
- १०० वाट सम्मको एफएम रेडियो
- घ वर्गको ठेक्का इजाजत
- सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम
- मातृ भाषामा शिक्षा दिने विद्यालय
- ट्युसन, कोचिङ्ग
- औषधि पसल

- परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा
- ढुङ्गा, गिट्टी, बालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग
- स्थानीय स्तरका व्यापारिक फर्म
- स्थानीय तहका पत्रपत्रिका
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक
- स्थानीय स्तरका संघ संस्था
- इन्टरनेट, टेली सेन्टर, केबुल तथा तारविहिन टेलिभिजन
- लघु घरेलु तथा साना उद्योग (कार्यजिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)

- नक्सा पास दस्तुर (दफा ३३ को ४)
- दण्ड जरिवाना

नोटः यी सबै शीर्षकहरू व्यवसाय रजिस्ट्रेसन दस्तुर अन्तर्गत पर्दछन्।

### *३.१.३ कानूनी व्यवस्था(अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४)*

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन तथा प्राप्त गर्ने अधिकार प्रदान गरिएको छ।

#### क) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट (दफा ७)

नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबीच प्राकृतिक स्रोतबाट प्राप्त हुँने रोयल्टीको बाँडफाँटका लागि नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस प्रकारको रोयल्टीबाट प्राप्त हुँने रकम सो कोषमा जम्मा गर्नेछ। प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत उपलब्ध गराइने छ। प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी तपसिलमा उल्लेख गरिएका छन्:

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो/पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

**तालिका नं १३:** प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट(प्रतिशतमा)

| क्र.सं. | रोयल्टीको शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |

| क्र.सं. | रोयल्टीको शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|---|
| ३ | वन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

*स्रोतः अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, अनुसूची ४ दफा ७ को उपदफा (२) सँग सम्बन्धित*

## (ख) राजस्व बाँडफाँट

### १) प्रदेश सरकारबाट गरिने बाँडफाँट (दफा ५)

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद २, दफा ५ मा आर्थिक ऐन २०७५ द्वारा संशोधितमा एकल कर प्रशासन शीर्षकमा तपसिल बमोजिमको व्यवस्था गरिएको छ।

(अ) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने।तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिकाले लगाउने र उठाउने

(आ) घरजग्गा रजिष्ट्रेसन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने।

(इ) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने

(ई) विज्ञापन करको दर गाउँपालिकाले लगाउने र उठाउने

१) (अ) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिनेछ।तर टाँगा रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने छ।यो कर प्रदेश सरकारसँग बाँडफाँट गर्नुपर्दैन।

२) (आ), (इ) र (ई) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

**तालिका नं १४:** स्थानीय र प्रदेश तह बीचको राजस्व बाँडफाँट(प्रतिशतमा)

| क्र.सं. | करका क्षेत्रहरू | सङ्कलन गर्ने तह | राजस्व बाँडफाँट (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| १ | सवारी साधन कर | प्रदेश | ६० | ४० |
| २ | घरजग्गा रजिष्ट्रेसन शुल्क | स्थानीय | ४० | ६० |
| ३ | मनोरञ्जन कर | स्थानीय | ४० | ६० |
| ४ | विज्ञापन कर | स्थानीय | ४० | ६० |

*स्रोतः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४*

प्रदेश सरकारले सङ्कलन गरेको सवारी साधन करबाट प्राप्त रकमको ४० प्रतिशत रकम पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा सम्बन्धित स्थानीय तहहरू बीच बाँडफाँट हुने व्यवस्था छ। यसका अतिरिक्त स्थानीय तहबाट सङ्कलन भएको घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर, विज्ञापन करको ४० प्रतिशत रकम सम्बन्धित प्रदेशलाई पठाउनु पर्ने व्यवस्था छ।

***नोटः*** घरजग्गा रजिस्ट्रेसन शुल्क प्रदेश कानून बमोजिम हाललाई नेपाल सरकार अन्तर्गतको मालपोत कार्यालय मार्फत उठाई सम्बन्धित स्थानीय तहलाई ६० प्रतिशत र प्रदेश सरकारलाई ४० प्रतिशतका दरले बाँडफाँट गर्ने व्यवस्था मिलाइएको छ।

### २) नेपाल सरकारबाट गरिने राजस्व बाँडफाँट

#### क) मूल्य अभिवृद्धि कर, अन्तःशुल्क (दफा ६)

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम मध्येबाट उठेको रकमलाई सङ्घीय विभाज्य कोष खडा गरी त्यस कोषमा जम्मा गर्नेछ। सो रकमको ७० प्रतिशत सङ्घीय सञ्चित कोषमा, १५ प्रतिशत प्रदेश विभाज्य कोषमा र १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा गरिनेछ। प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा गरिएको रकम संविधान र यस ऐनको अधिनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहलाई बाँडफाँट गरिनेछ। यसरी बाँडफाँट गरिएको रकम प्रदेश सञ्चित कोष र प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय कोषमा जम्मा हुने गरी मासिक रुपमा उपलब्ध गराइनेछ।

**तालिका नं १५:** मूल्य अभिवृद्धि कर, अन्तःशुल्कको बाँडफाँट(प्रतिशतमा)

| क्र.सं. | स्रोतहरू | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|
| १ | मूल्य अभिवृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| २ | अन्तःशुल्क | ७० | १५ | १५ |

*स्रोतःअन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३(६)*

### ३) अनुदानको व्यवस्था (परिच्छेद ४)

सङ्घीय तथा प्रदेश सरकारबाट प्रदान गरिने वित्तीय समानीकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सिफारिसको आधारमा स्थानीय तहहरू बीच बाँडफाँट हुने व्यवस्था छ। त्यसै गरी सङ्घीय तथा प्रदेश सरकारले आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ। समपूरक तथा विशेष अनुदानका लागि स्थानीय तहहरूबाट प्राप्त हुने प्रस्ताव र अनुदान वितरण कार्यविधिको आधार सङ्घीय तथा प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ।




क) वित्तीय समानीकरण अनुदानः स्थानीय तहले खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त गर्नेछ। (दफा ८)

ख) सशर्त अनुदानः स्थानीय तहले कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त गर्नेछ। (दफा ९)

ग) समपूरक अनुदानः स्थानीय तहले पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त गर्नेछ। (दफा १०)

घ) विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाका लागि संघ र प्रदेशबाट प्राप्त गर्नेछ। (दफा ११)

## ४) वैदेशिक सहायता तथा आन्तरिक ऋण(परिच्छेद ५)

- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ। स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्नअनुसारका थप व्यवस्थाहरू रहेका छन्।

| स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गरिएको व्यवस्था | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४) मा गरिएको व्यवस्था |
|---|---|
| - कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्रमा कर नलाग्ने<br>- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने | - कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने<br>- गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने<br>- कर वा गैर कर राजस्वको प्रस्ताव तयार गर्दा वा भैरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पार्ने प्रभावसमेत उल्लेख गर्नु पर्ने<br>- राजस्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने |

## ३.२ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था

यस भागमा गाउँपालिकाको आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरू, परिचालनको विद्यमान अवस्था, सम्भावनाको शीर्षकगत रुपमा विश्लेषण गर्दै प्रभावकारी परिचालनका उपायहरूको खोजी गरिएको छ।

**तालिका नं १६:** आन्तरिक आय सङ्कलनको विद्यमान अवस्था विवरण

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण भएको/नभएको | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| क. | कर राजस्व | | | |
| १ | सम्पत्ति कर | भएको | भएको | भएको |
| २ | भूमिकर (मालपोत) | भएको | भएको | भएको |
| ३ | घरजग्गा बहाल कर | भएको | भएको | भएको |
| ४ | व्यवसाय कर | भएको | भएको | भएको |
| ५ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | नभएको | भएको |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | भएको | भएको | भएको |
| ७ | विज्ञापन कर | भएको | भएको | भएको |
| ८ | मनोरञ्जन कर | भएको | नभएको | भएको |
| ख). | गैर कर राजस्व | | | |
| ख.१ | शुल्क, सेवा शुल्क तथा महशुल | | | |
| १ | बहाल बिटौरी शुल्क | भएको | नभएको | भएको |
| २ | पार्किङ शुल्क | भएको | नभएको | नभएको |
| ३ | पर्यटन शुल्क | भएको | नभएको | भएको |
| ४ | परीक्षा शुल्क | भएको | भएको | भएको |
| ५ | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क | भएको | नभएको | नभएको |
| ६ | केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | भएको | नभएको | नभएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण भएको/नभएको | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| ७ | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | नभएको | नभएको |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| ९ | अस्पताल सञ्चालन | भएको | नभएको | नभएको |
| १० | एम्बुलेन्स सञ्चालन | भएको | नभएको | नभएको |
| ११ | दमकल सञ्चालन | भएको | नभएको | नभएको |
| १२ | मूल्याङ्कन सेवा शुल्क | भएको | भएको | भएको |
| १३ | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| १४ | स्थानीय विद्युत महसुल | भएको | नभएको | नभएको |
| ग. | दस्तुर | | | |
| १ | नक्सा पास दस्तुर | भएको | भएको | भएको |
| २ | सिफारिस तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ३ | व्यक्तिगत घटना दर्ता दस्तुर | भएको | भएको | भएको |
| ४ | नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर | भएको | भएको | भएको |
| घ. | बिक्री तथा अन्य आय | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री | भएको | भएको | भएको |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | भएको | नभएको | नभएको |
| ३ | अन्य बिक्रीबाट प्राप्त रकम | भएको | भएको | भएको |
| ४ | सामुदायिक वनबाट आय प्राप्त | भएको | नभएको | नभएको |
| ५ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | भएको | भएको | भएको |
| ६ | न्यायिक दण्ड जरिवाना | भएको | भएको | भएको |
| ७ | प्रशासनिक दण्ड जरिवाना | भएको | भएको | भएको |

माथिको तालिकाका आधारमा विश्लेषण गर्दा गाउँपालिकाले कर तर्फ ८ वटा शीर्षकहरूमा कर सङ्कलन हुन सक्ने सम्भावना देखिन्छ। जसमध्ये गाउँपालिकाले हालसम्म ८ वटा शीर्षकहरूको करका दरहरू निर्धारण र

६ वटा शीर्षकमा कर सङ्कलन गरेको छ। गैर कर तर्फ शुल्क, सेवा शुल्क तथा महशुलका जम्मा १४ वटा शीर्षकहरू मध्ये ४ वटामा दर निर्धारण र २ वटा शीर्षकहरूबाट आय सङ्कलन भएको छ। दस्तुर अन्तर्गतका सबै शीर्षकबाट आय सङ्कलन भएको छ। बिक्री तथा अन्य आय शीर्षक अन्तर्गत ७ वटै शीर्षकमा सङ्कलनको सम्भावना रहेको र काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री तथा सामुदायिक वनबाट आय प्राप्तमा सङ्कलन नभएको अवस्था छ।

## ३.३ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना विश्लेषण

### *३.३.१ स्थानीय कर राजस्व*

#### (क) सम्पत्ति कर

**विद्यमान अवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सम्पत्ति कर लगाउन पाउने व्यवस्था गरेको छ। यस अनुसार यस गाउँपालिकाले आर्थिक ऐन २०७९ मा सम्पत्ति कर सम्बन्धी व्यवस्था दफा २ मा अनुसूची-१ बमोजिम सम्पत्ति कर लगाई असुल उपर गरिने व्यहोरा उल्लेख गरेको छ। यस अनुसार सम्पत्ति कर असुल उपर गर्दै आएको छ। अनुसूची-१ मा तोकिए बमोजिमका दरहरू सफ्टवेयर प्रणाली स्थापना गरी सबै वडाहरू तथा गाउँपालिकाको राजस्व उपशाखाबाट सङ्कलन व्यवस्था गरिएको छ। आ.व.२०७८/७९ मा यस शीर्षकबाट रु ३ लाख ७२ हजार ५ सय ७४ रकम सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकमा रु ३ लाख अनुमान गरिएकोमा मंसिर १९ गते सम्ममा रु २ लाख २९ हजार ४ सय ७९ सङ्कलन भएको देखिन्छ।

**सम्भाव्यताः**

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदनअनुसार यस गाउँपालिकाको जनगणना गरिएको घर सङ्ख्यालाई नै सम्पत्ति करदाता सङ्ख्या मानिएको छ। जनगणना घरसङ्ख्या ४१२५ भएको र विद्यमान कानूनी व्यवस्थाअनुसार घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा सो आधारमा करिब ४१२५ घरपरिवारसँग घर तथा अन्य संरचना र जग्गा रहेको अनुमान गरिएको छ। यही सङ्ख्यालाई कुल सम्पत्ति करदाताको सङ्ख्या कायम गर्दा रु ८ लाख ५० हजार सङ्कलनको सम्भावना देखिन्छ।

**तालिका नं १७:** सम्पत्ति कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| सम्पत्ति मूल्य विवरण | करदाता सङ्ख्या (अनुमानित) | औसत करको दर | सम्भाव्य सङ्कलन रु |
|---|---|---|---|
| १ लाख १ रुपैयादेखि ३ लाख रुपैया सम्म | १८०० | ४० | ७२००० |
| ३ लाख १ देखि ५ लाख रुपैया सम्म | ८०० | ८० | ६४००० |
| ५ लाख १ देखि ७ लाख रूपैया सम्म | ५५० | १४० | ७७००० |

| सम्पत्ति मूल्य विवरण | करदाता सङ्ख्या (अनुमानित) | औसत करको दर | सम्भाव्य सङ्कलन रु |
|---|---|---|---|
| ७ लाख १ देखि १० लाख रुपैया सम्म | ४२५ | २४० | १०२००० |
| १० लाख १ देखि २० लाख रुपैया सम्म | २४० | ४५० | १०८००० |
| २० लाख १ देखि ३० लाख रुपैया सम्म | १२५ | ८०० | १००००० |
| ३० लाख १ देखि ४० लाख रुपैया सम्म | १०० | १२०० | १२०००० |
| ४० लाख १ देखि ६० लाख रुपैया सम्म | ६० | २२०० | १३२००० |
| ६० लाख १ देखि माथि | २५ | ३००० | ७५००० |
| **जम्मा** | **४१२५** | | **८५००००** |

### सुझावहरू

- सम्पत्तिको मूल्याङ्कन र करको दरलाई वैज्ञानिक बनाउन सम्पत्तिको परिभाषा, मूल्याङ्कन पद्धति, ह्रासकट्टी र करका दरहरू समावेश गरिएको कार्यविधि तयार पार्ने र सो कार्यविधिमा सम्पत्ति कर असूलीका प्रक्रियागत व्यवस्था तथा कर नलाग्ने सम्पत्तिहरूको स्पष्ट व्यवस्था गर्ने।
- सम्पत्ति करको विवरण प्रणालीसँग मालपोत, घरजग्गा बहाल कर र व्यवसाय करलाई आबद्ध गर्ने।
- घर जग्गा मूल्याङ्कनलाई बजार मूल्यका आधारमा अद्यावधिक गरी सम्पत्ति करको मूल्याङ्कन र घरजग्गा रजिस्ट्रेसनमा एउटै मूल्याङ्कन दर कायम गर्ने।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार सम्पत्ति कर सङ्कलन गरी बाँकी जग्गामा मालपोत सङ्कलन गर्ने गरी कार्यविधि तयार पारी लागु गर्नुपर्ने
- करदाताको पहिचान गरी विवरण सफ्टवेयरमा अद्यावधिक गर्ने
- गत आ.व. मा सम्पत्ति करलाई सम्पत्ति बहाल तथा पट्टा बापतको कर अन्तर्गत राखिएकोले सम्पत्ति करमा आय प्रविष्ट गर्ने

## (ख) मालपोत वा भूमिकर

### विद्यमान अवस्था

यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्र मालपोत लगाई असुल उपर गर्ने प्रावधान आर्थिक ऐनको दफा ३ मा उल्लेख गरेको छ। यस ऐनको अनुसूची-२ बमोजिम मालपोतको दरहरू उल्लेख गरेको छ। सम्पत्ति कर लागु भएको जग्गाको हक मालपोत कर लागु हुने छैन भनी स्पष्ट रुपमा उल्लेख गरेको छ। अनुसूची-२ मा तोकिए बमोजिमका दरहरू सफ्टवेयर प्रणाली स्थापना गरी सबै वडाहरू तथा गाउँपालिकाको राजस्व उपशाखाबाट सङ्कलन व्यवस्था गरिएको छ।

आ.व.२०७८/७९ मा यस शीर्षकबाट रु २७ लाख १८ हजार ९ सय २३ सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकमा रु ११ लाख अनुमान गरिएकोमा मंसिर १९ गते सम्म रु १० लाख ८० हजार ७ सय ८५ सङ्कलन भएको छ।

### सम्भाव्यता:

स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरेअनुसार घर तथा संरचनाले चर्चेको भन्दा बाहेकको जग्गामा भूमिकर (मालपोत) करको सम्भाव्यता अनुमान गरिएको छ। राष्ट्रिय जनगणना प्रारम्भिक प्रतिवेदन २०७८ अनुसार यस गाउँपालिकाको घरसङ्ख्या ४१२५, परिवार सङ्ख्या ४४८८ रहेको छ। परिवार सङ्ख्याको आधा घरपरिवारसँग एक भन्दा बढी व्यक्तिसँग जग्गा भएको अनुमान गर्दा ६७३२ जनासँग जग्गा भएको अनुमान गरिएको छ। घर हुनेसँग पनि घरले चर्चेको जग्गाको दोब्बर जग्गा बाहेक पनि जग्गा भएको अनुमान गर्दा मालपोत करदाता ६७३२ भएको अनुमान गरिएको छ।

खेतीयोग्य जमिन ३३.९८ वर्ग कि.मी कुल भूमिकर योग्य जग्गामा प्रति घरले ओगटेको २/२ रोपनी कटाई बाँकी रहेको जग्गालाई सडकले छोएको तथा बजार क्षेत्र, आवास क्षेत्र र कृषि क्षेत्र खेत, कृषि क्षेत्र बारी गरी ४ क्षेत्रमा वर्गीकरण गरी जग्गाको मूल्य र उपयोगको आधारमा दर निर्धारण गर्दा रु ११ लाख ३५ हजार ३ सय ४ रुपैया सङ्कलन हुने देखिन्छ।

**तालिका नं १८:** मालपोत सम्बन्धी सम्भाव्यता विश्लेषण

| जग्गा विवरण | करदाता सङ्ख्या (अनुमानित) | क्षेत्रफल रोपनी | करको दर (रु. प्रति रोपनी ) | सम्भाव्य सङ्कलन रु. |
|---|---|---|---|---|
| सडकले छोएको तथा बजार क्षेत्र | ८४८ | ११०४१ | २५ | २७६०१४ |
| आवास क्षेत्र | १२०० | १५६२३ | २० | ३१२४६९ |
| कृषि क्षेत्र खेत | १२०० | १५६२३ | २० | ३१२४६९ |
| कृषि क्षेत्र पाखो | १२०० | १५६२३ | १५ | २३४३५२ |
| **जम्मा** | ४४४८ | **५७९११** | | **११३५३०४** |

### सुझावहरू

- मालपोत सङ्कलन कार्यविधि निर्माण गरी लागु गर्नुपर्ने
- मालपोतको दर निर्धारण गर्दा जग्गा रहेको स्थान, क्षेत्रफल र मूल्याङ्कनको आधारमा गर्ने
- बाटोले छोएको र नछोएको पत्ता लगाउन बाटोको लगत कट्टा गरी भुसूचना प्रणालीमा आवद्ध गर्ने
- मालपोतका दरलाई सफ्टवेयरमा मिलाउने

## (ग) घरजग्गा बहाल कर

### विद्यमान अवस्थाः

गाउँपालिकाले आर्थिक ऐन २०७९ को दफा ४ मा गाउँपालिका क्षेत्रभित्रको कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहालमा दिइएमा बहाल रकममा अनुसूची-३ बमोजिम बहाल रकमको १० प्रतिशत बहाल कर लाग्ने कुरा उल्लेख गरिएको छ।

आ.व.२०७८/७९ मा यस शीर्षकबाट रु २ लाख ६ सय ७८ सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकमा रु १ लाख अनुमान गरिएकोमा मंसिर १९ गते सम्म रु ६१ हजार ३ सय १८ सङ्कलन भएको छ।

### सम्भाव्यताः

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन यस गाउँपालिकामा ४१२५ वटा घर र ४४८८ परिवार सङ्ख्या देखिएको छ। यसबाट ३६३ परिवार आफ्नो घरमा नबस्ने देखिन्छ। यही सङ्ख्यालाई भाडामा बस्ने परिवार मान्दा यस गाउँपालिकामा घरबहालमा बस्ने ३६३ परिवार रहेका अनुमान गरिएको छ। बजार क्षेत्रमा एक घरमा १ भन्दा बढी परिवार एउटा घरमा भाडामा बसेको मान्दा जम्मा १७५ वटा घरहरू भाडामा दिएको अनुमान गरिएको छ। ती मध्ये १५ घरपरिवारले अफिस प्रयोजनका लागि भाडामा दिएको र १७५ परिवारले व्यक्तिगत प्रयोजनका लागि भाडामा दिएको अनुमान गरिएको छ। बहाल रकमको १० प्रतिशत कर लिँदा रु ४ लाख ९५ हजार सङ्कलन हुन सक्ने देखिएको छ।

**तालिका नं १९:** घरबहाल कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| क्र. सं. | प्रयोजनका आधारमा बहाल लिने करदाता | बहालमा भएको घरजग्गा सङ्ख्या | औसत मासिक भाडा रकम | जम्मा वार्षिक भाडा असुली | प्रस्तावित करको दर | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | (क) | (ख) | (ग) | (घ) | (ङ) |
| | | अनुमानित | अनुमानित | क × ख ×१२ | प्रतिशत | ग को १० प्रतिशत |
| १ | लेखा परीक्षण गर्ने संस्थागत प्रयोजनले व्यवसायिक फर्म, वित्तीय तथा सार्वजनिक संस्थाहरूलाई बहालमा लगाउने (औसत मासिक रु. १०००० भाडा आर्जन गर्ने) | १५ | १०००० | १८००००० | १० | १८०००० |
| २ | घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रु. १५०० भाडा आर्जन गर्ने) | १७५ | १५०० | ३१५०००० | १० | ३१५००० |
| | **जम्मा** | १९० | | ४९५०००० | | ४९५००० |

### सुझावहरू

- घरजग्गा बहाल करको दर बहाल आम्दानीको आधारमा हुने गरी आर्थिक ऐन परिमार्जन गर्ने र करको दर प्रगतिशील करको सिद्धान्तको आधारमा निर्धारण गर्ने।
- घर जग्गा बहाल कर सङ्कलन कार्यविधि निर्माण गर्ने
- बहालमा लगाइएको घरजग्गाको लगत सङ्कलन गरी घरजग्गा बहालको न्यूनतम दर मूल्याङ्कन गर्न घर तथा संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटको दरले बहाल मूल्य निर्धारण गरी कर सङ्कलन गर्न कार्यविधि तर्जुमा गर्ने
- बहालमा बस्नेहरूको लगत सङ्कलन गरी सम्पत्ति करको अभिलेख प्रणालीसँग आबद्ध गर्ने।
- घरजग्गा बहाल कर सम्बन्धी व्यवस्थाहरूको सूचनामूलक सामग्री तयार गरी प्रचार प्रसार गर्ने।

## (घ) व्यवसाय कर

### विद्यमान अवस्थाः

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाई असुल उपर गरिने व्यवस्था गाउँपालिकाले आर्थिक ऐन २०७९ को दफा ५ मा गरेको छ। करका दरहरू अनुसूची ४ मा उल्लेख गरिएको छ। अनुसूची ४ मा तोकिए बमोजिमका दरहरू सफ्टवेयर प्रणाली स्थापना गरी सबै वडाहरू तथा गाउँपालिकाको राजस्व उपशाखाबाट सङ्कलन व्यवस्था गरिएको छ।

आ.व.२०७८/७९ मा यस शीर्षकमा रु ४ लाख ४८ हजार ६५ रकम सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकमा रु ३ लाख ५० हजार अनुमान गरिएकोमा मंसिर १९ गते सम्म रु २ लाख ५३ हजार १ सय रकम सङ्कलन भएको देखिन्छ।

### सम्भाव्यताः

गाउँपालिकामा विभिन्न किसिमका व्यवसाय गर्ने व्यवसायीहरूको सङ्ख्या गाउँपालिकाको राजस्व उपशाखामा दर्ता भएको रेकर्ड अनुसार ७६० वटा रहेको देखिन्छ। व्यवसायको प्रकार र आर्थिक ऐनमा उल्लेख गरिएको दरको आधारमा विश्लेषण गर्दा रु ७ लाख ५३ हजार १ सय सङ्कलन हुने सम्भावना रहेको छ।

**तालिका नं २०:** व्यवसाय कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| क्र.स. | व्यवसायको नाम | व्यवसायको सख्या | दर रेट | जम्मा |
|---|---|---|---|---|
| १ | किराना पसल | १७५ | १००० | १७५००० |
| २ | पोल्ट्री तथा कृषि फर्म | १०६ | ७०० | ७४२०० |
| ३ | फेन्सी तथा कपडा पसल | ४६ | ७०० | ३२२०० |
| ४ | मासु पसल | १७ | ५०० | ८५०० |
| ५ | कस्मेटिक | १५ | ६०० | ९००० |

| क्र.स. | व्यवसायको नाम | व्यवसायको सख्या | दर रेट | जम्मा |
|---|---|---|---|---|
| ६ | होटल तथा गेष्ट हाउस | ४५ | १५०० | ६७५०० |
| ७ | क्लिनिक र स्वास्थ केन्द्र फार्मेसी | ११ | २००० | २२००० |
| ८ | टेलर | १२ | ७०० | ८४०० |
| ९ | चिया नास्ता | २५ | १००० | २५००० |
| १० | ब्लक उद्योग | ३ | १५०० | ४५०० |
| ११ | वाटर उद्योग | १ | १५०० | १५०० |
| १२ | स्टेसनरी | ७ | १००० | ७००० |
| १३ | हार्डवयर | ५ | १२०० | ६००० |
| १४ | कुल्फी पसल | १ | १००० | १००० |
| १५ | पशु फर्म | १५९ | ७०० | १११३०० |
| १६ | कुटानी पिसानी मिल | १७ | ६०० | १०२०० |
| १७ | इलेक्ट्रोनिक्स | ११ | १५०० | १६५०० |
| १८ | वर्क शप | ५ | २००० | १०००० |
| १९ | फोटो स्टुडियो | ५ | १००० | ५००० |
| २० | सुन चाँदी पसल | ९ | १५०० | १३५०० |
| २१ | मोवाइल पसल | ७ | १५०० | १०५०० |
| २२ | बैक | २ | १२००० | २४००० |
| २३ | लघु वित्त | ३ | ८००० | २४००० |
| २४ | भाडा पसल | ३ | १५०० | ४५०० |
| २५ | पार्लर | ४ | ७०० | २८०० |
| २६ | डेरी | १ | १५०० | १५०० |
| २७ | ग्रील पसल | ७ | २००० | १४००० |
| २८ | काष्ठ उद्योग | ३ | २००० | ६००० |
| २९ | कोल्ड ड्रिक्स तथा मदिरा पसल | ३ | १२०० | ३६०० |
| ३० | टेन्ट तथा साउड | २ | १००० | २००० |
| ३१ | फर्निचर | ६ | २००० | १२००० |
| ३२ | मनि ट्रान्सफर | २ | १५०० | ३००० |

| क्र.स. | व्यवसायको नाम | व्यवसायको सख्या | दर रेट | जम्मा |
|---|---|---|---|---|
| ३३ | चाउमिन उद्योग | ३ | १२०० | ३६०० |
| ३४ | ब्लक उद्योग | १ | १५०० | १५०० |
| ३५ | सस उद्योग | २ | १२०० | २४०० |
| ३६ | तरकारी तथा फलफुल | ७ | ७०० | ४९०० |
| ३७ | सप्लायर्स | ३ | १००० | ३००० |
| ३८ | चप्पल उद्योग | १ | १५०० | १५०० |
| ३९ | विविध | २५ | ८०० | २०००० |
| | जम्मा | ७६० | | ७५३१०० |

## सुझावहरू

- व्यवसाय करको दर निर्धारण गर्दा व्यवसायीहरूसँग प्रयास मात्रामा छलफल गरी व्यवसायीहरूसँग समन्वय तथा सहकार्य गरी व्यवसायको प्रकृति तथा पुँजीगत लगानीको आधारमा व्यवसायलाई वर्गीकरण गर्ने र व्यवसाय दर्ता र सालबसाली नवीकरणमा दर निर्धारण गरी असुल उपर गर्नुपर्ने
- गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नका लागि गाउँकार्यपालिकाबाट व्यवसाय सञ्चालन इजाजत लिनुपर्ने व्यवस्था गर्न उद्योग वाणिज्यसँग सहकार्य तथा समन्वय गर्ने
- उद्योग वाणिज्य संघमा व्यवसाय दर्ता वा नवीकरण गर्नु अगाडि गाउँपालिकामा दर्ता वा नवीकरण गर्न पर्ने व्यवस्था मिलाउन सरुमारानी उद्योग वाणिज्य संघसँग समन्वय गर्ने
- व्यवसाय कर असूलीमा आन्तरिक राजस्व कार्यालय तथा घरेलु तथा साना उद्योग कार्यालयसँग समन्वय गर्ने।
- व्यवसायहरूको दर्ता तथा व्यवसाय कर असुल गर्न कर सङ्कलन टोलीको निर्माण गरी परिचालन गर्ने र तोकिएको समय भन्दा पहिले तिर्नेलाई छुटको व्यवस्था गर्ने तर बक्यौता रकममा छुट दिँदा नियमित रुपमा कर तिर्ने करदादातामाथि अन्याय हुने भएकाले कर छुट प्रवृतिलाई निरुत्साहित गर्ने
- गाउँपालिकामा नयाँ व्यवसाय दर्ता गरेपछि मात्र स्थायी लेखा नम्बर(PAN) पाउने व्यवस्था मिलाउन पहल गर्ने
- स्थलगत रुपमा व्यवसाय सञ्चालनको अवस्था अनुगमन गरी त्यससँग व्यवसाय दर्ताको लगत चेक जाँच गर्ने अभियान सञ्चालन गरी नयाँ व्यवसाय दर्ता गर्ने तथा सञ्चालनमा नरहेका व्यवसायको लगत कट्टा प्रक्रिया अघि बढाउने।
- विभिन्न पेशाकर्मीहरू (जस्तै कानून व्यवसायी, अडिटर, डक्टर, इन्जिनियर) लाई व्यवसाय करको दायरामा ल्याउन अभियान सञ्चालन गर्ने।

### (ङ) जडीबुटी, कवाडी, जीवजन्तु कर

#### विद्यमान अवस्थाः

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, जडीबुटी, कवाडी माल, र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरूको हाड, सिङ, प्वाख, छाला, जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची-५ बमोजिम कर लगाई असुल उपर गरिनेछ भनी उल्लेख गरेको छ।

आ.व.२०७८/७९ मा यस शीर्षकमा रु ७३ हजार २ सय रकम सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकमा रु ७५ हजार रकम अनुमान गरिएकोमा रु १ लाख ५० हजारमा ठेक्का लागेको र मंसिर १९ गतेसम्म रु १ लाख ५ हजार प्राप्त भएको अवस्था छ।

#### सम्भाव्यताः

विशेष गरी दालचिनी, जस्ता जडीवुटीहरू पाइन्छ। कवाडी सामानहरूमा कागज, टिन, फलाम, बोत्तल प्रमुख रुपमा रहेका छन्। चालु आ.व.मा रु १ लाख ५० हजारमा ठेक्का लागिसकेको अवस्था छ। यसको आधारमा आगामी वर्षबाट वार्षिक रुपमा रु २ लाख सङ्कलन हुने अनुमान गरिएको छ।

#### सुझावहरू

- आर्थिक ऐनमा जडीबुटी, कवाडी तथा जीवजन्तु कर सङ्कलन गर्ने व्यवस्था गरी करका दरहरू समावेश गर्ने
- कवाडी सामानहरूको साथमा जडीबुटीहरूको पनि सम्भाव्यता अध्ययन गर्ने

### (च) विज्ञापन कर

#### विद्यमान अवस्थाः

गाउँपालिकाले आफ्नो क्षेत्रमा राखिएका विज्ञापन सामग्रीमा आर्थिक ऐनको दफा ८ बमोजिम कर लगाई असुल उपर गर्ने उल्लेख गरिएको छ। यसका दररेट अनुसूची (७) मा उल्लेख गरिएको भएतापनि प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने कुरा उल्लेख गरिएको छ। हाल यस गाउँपालिकाले रु २५ हजार ५ सयमा ठेक्का लगाइ असुल उपर गरिरहेको अवस्था छ। यो रकम वार्षिक रुपमा १० प्रतिशतले वृद्धि हुँदै जाने व्यवस्था सम्झौतामा गरिएको छ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ५ मा विज्ञापन कर गाउँपालिका तथा नगरपालिकाले दर निर्धारण तथा सङ्कलन गर्ने र ६० प्रतिशत आफुले राखेर ४० प्रतिशत सम्बन्धित प्रदेशको सञ्चित कोषमा मासिक रुपमा बुझाउने स्पष्ट कानूनी व्यवस्था भएकोले प्रदेश कानूनमा अन्यथा व्यवस्था भएमा सोही अनुसार हुँनेछ भन्ने वाक्य हटाउनु पर्ने दखिन्छ।

आ.व.२०७८/७९ मा यस शीर्षकमा रु २५ हजार ५ सय रकम सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकमा रु २८ हजार अनुमान गरिएकोमा मंसिर १९ गते सम्म सङ्कलन भएको देखिदैन।

**सम्भाव्यताः**

आगामी आ.व.मा बाटोको स्तरोन्नती हुँदै जाने र होर्डिङ्ग बोर्ड तथा अन्य विज्ञापनका सामग्रीहरूको प्रयोग बढ्दै जाने अनुमान गर्दा यस शीर्षकबाट तपशिलमा उल्लेखित विज्ञापन सामग्रीबाट प्रदेशको ४० प्रतिशत हिस्सा कटाई वार्षिक रुपमा रु ३६ हजार ३ सय सङ्कलन हुने सम्भावना रहेको छ।

**तालिका नं २१:** विज्ञापन कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| विज्ञापन सामाग्री | विज्ञापन सामाग्रीको साइज अनुसार संख्या | | | | औसत दर प्रति गोटा (रु.) | संभाव्य रकम (रु.) |
|---|---|---|---|---|---|---|
| | ठूला | मध्यम | साना | जम्मा | | |
| होर्डिङ वोर्ड, ग्लोब वोर्ड | ५ | ५ | १० | २० | १००० | २०००० |
| भित्तेलेखन | १० | १० | १५ | ३५ | ७०० | २४५०० |
| फ्लेक्स व्यानर | ७ | १० | १५ | ३२ | ५०० | १६००० |
| जम्मा | | | | ८७ | | ६०५०० |
| | | | | | ६०% | ३६३०० |

**सुझावहरू**

- सङ्घीय कानूनअनुसार विज्ञापन करका दरहरू स्थानीय तहले निर्धारण गरी सङ्कलन गर्ने र उठेको रकमको ४० प्रतिशत प्रदेशलाई बुझाउनुपर्ने स्पष्ट व्यवस्था भएकाले प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने भन्ने वाक्य आर्थिक ऐनमा राख्नु नपर्ने
- गाउँपालिका क्षेत्रमा भएका विज्ञापन सामग्रीहरूको लगत सङ्कलन गरी विज्ञापन सामग्री अनुसारको दरहरू आर्थिक ऐनमा उल्लेख गरी न्यूनतम ठेक्का अंक अनुमान गरी ठेक्का लगाउने।

## (छ) सवारी कर (साना सवारी)

**विद्यमान अवस्था**

विद्यमान व्यवस्थाअनुसार गाउँपालिका क्षेत्रभित्र टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता र नवीकरण बापत सवारी कर लगाउने अधिकार रहेको छ। सो व्यवस्थाअनुसार गाउँपालिकाले आर्थिक ऐन, २०७९ को दफा ७ मा अनुसूची-६ मा बमोजिम सवारी साधन कर लगाई असुल उपर गर्ने व्यवस्था गरेको छ। साना सवारी साधनमा लाग्ने कर स्थानीय तहको एकल अधिकारको सूचीमा भएकोले प्रदेश कानूनमा अन्यथा व्यवस्था भएमा सोही अनुसार हुँनेछ भन्ने वाक्य हटाउनु पर्ने दखिन्छ।

सवारी साधन कर तर्फ आ.व.२०७८/७९ मा कुनै रकम सङ्कलन भएको थिएन। चालु आ.व. मा यस शीर्षकमा रु २० हजार अनुमान गरिएकोमा मंसिर १९ गते सम्म आय सङ्कलन भएको देखिदैन।

**सम्भाव्यताः**

सरोकारवालाहरूसँगको छलफलको आधारमा गाउँपालिका क्षेत्रमा सडक यातायातको विकास र विस्तारसँगै करिब ७० वटा अटोरिक्साहरू सञ्चालनमा रहेको अनुमान गरिएको छ। गाउँपालिकाले प्रति अटोरिक्सा दर्ता

गर्दा रु १००० तथा नवीकरण बापत रु. ५०० साना सवारी कर निर्धारण गर्दा यसबाट वार्षिक रु.१ लाख ५ हजार सङ्कलन हुन सक्ने सम्भावना देखिन्छ।

**तालिका नं २२:** साना सवारी साधन कर सम्बन्धी विवरण

| क्र.सं. | सवारी साधन | अनुमानित सङ्ख्या | रजिस्ट्रेसन दस्तुर | जम्मा सम्भाव्य रकम रु |
|---|---|---|---|---|
| १ | अटो रिक्सा, ई रिक्सा दर्ता | ७० | १००० | ७०००० |
| २ | अटो रिक्सा, ई रिक्सा नवीकरण | ७० | ५०० | ३५००० |
| **जम्मा** | | | | १०५००० |

### सुझावहरू

- साना सवारी साधनको कर सम्बन्धी व्यवस्था गर्न व्यवसायी समितिसँग छलफल गरी कार्य अगाडि बढाउने
- गाउँपालिका क्षेत्रमा भएका साना सवारी साधनको एकिन लगत सङ्कलन गर्ने

## ३.३.२ *गैर कर राजस्व*

### (क) ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री

#### विद्यमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले ढुङ्गा, गिट्टी, वालुवाको बिक्री तथा व्यवस्थापनबाट सङ्कलित राजस्व सञ्चित कोषमा राख्ने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनमा भएको यस संशोधनसँगै यस शीर्षकको राजस्व स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्दछ। ढुङ्गा, गिट्टी, वालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुँदा १४ अनुसार गाउँपालिका र नगरपालिकाले यस मापदण्ड बमोजिम साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवं अनुमती वा नविकरण शुल्क वा करबाट संकलित राजस्वमध्ये साठी प्रतिशत रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको स्थानीय संचित कोषमा र चालिस प्रतिशत सम्बन्धित प्रदेश सरकारको प्रदेश संचित कोषमा जम्मा हुने गरी बाँडफाँट गर्नु पर्ने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गरिएको व्यवस्था विपरित ढुङ्गा, गिट्टी, वालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी हुँदा प्रदेश र स्थानीय तहबीच विवाद उत्पन्न भएको छ। आ.व.२०७६/७७ मलेपको प्रतिवेदन अनुसार मापदण्ड र ऐनमा फरक प्रावधान भएकोले राजस्व बाँडफाँडमा थप अस्पष्टता सिर्जना गरेको व्यहोरा उल्लेख गरेको छ।

संविधानको धारा २५१ को १ (झ) मा प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरु बीच उठ्न सक्ने सम्भावित विवादका विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रुपमा काम गर्न सुझाव दिने प्रावधान राखिएको छ। यस विषयमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आफ्नो भूमिका प्रभावकारी रुपमा निर्वाह गर्नुपर्ने अवस्था देखिन्छ।

संविधानको धारा २३५ मा संघ, प्रदेश र स्थानीय तह वीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानून बनाउनेछ भनिएको छ। साथै, प्रदेश, गाउँपालिका वा नगरपालिका बीच समन्वय कायम गर्न र कुनै राजनैतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्नेछ भन्ने उल्लेख गरेको छ। संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्वन्ध ऐन, २०७७ को दफा ४ को उपदफा (१) मा संघले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नियम बनाउँदा प्रदेश तथा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने उल्लेख गरेको छ। त्यसै गरी उपदफा (२) मा प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नियम बनाउँदा संघ वा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने, र कानून वा नियम बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउने उल्लेख गरेको छ। यसको आधारमा भन्नुपर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गरिएको व्यवस्था विपरित ढुङ्गा, गिट्टी, वालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ विपरित जारी भएको देखिन्छ। यो विवाद कायमै रहेको यस अवस्थामा ढुङ्गा, गिट्टी, वालुवा बिक्रीबाट प्राप्त हुन सक्ने आय स्थानीय तहको एकल अधिकारको सूचीमा राखि प्रक्षेपण गरिएको छ।

आ.व.२०७८/७९ मा यस शीर्षकमा रु ६० लाख ६७ हजार २ सय १६ आय सङ्कलन भएको र चालु आ.व. मा रु ५० लाख अनुमान गरिएकोमा मंसिर १९ गते सम्म रु ८ हजार १ सय ६० सङ्कलन भएको अवस्था छ।

**सम्भाव्यताः**

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७८ अनुसार रासी नदीको ५ वटा घाटबाट जम्मा १४०७१९७२.११घन फिट नदीजन्य पदार्थ सङ्कलन गरी बिक्री गर्न सकिने देखिएको छ। यस परिमाणलाई ठेक्का लगाई बिक्री गर्न सकेमा रु ५ करोड ६२ लाख ८७ हजार ८ सय ८८ सङ्कलन हुने सम्भावना देखिन्छ।

**तालिका नं २३:** ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री सम्बन्धी विवरण

| रासी नदी तथा स्थानका नाम | वार्षिक उत्खनन् योग्य परिमाण(घ.मि) | वार्षिक उत्खनन् योग्य परिमाण (घ.फि.) | बिक्री रकम प्रति घ.फि. (रु.) | सम्भाव्य बिक्री रकम (रु.) |
|---|---|---|---|---|
| ददेरी घाट वडा न २ | ८१६२० | २८८२३८६ | ६ | १७२९४३१५ |
| रानीबगर घाट वडा न २ | ८२१५३.५ | २९०१२२६ | ६ | १७४०७३५७ |
| सनु घाट वडा न १ | ८२२०० | २९०२८६८ | ६ | १७४१७२१० |
| तित्रीवाझ बेलघाट वडा न १ | ७०००० | २४७२०२९ | ६ | १४८३२१७४ |
| झिलिवाङ झाद्र घाट वडा न १ | ८२५०० | २९१३४६३ | ६ | १७४८०७७७ |
| **जम्मा** | ३९८४७३.५ | १४०७१९७२.११ | ६ | ५६२८७८८८.४४ |
| | **१ वर्ग फिट** | ३५.३१४७ | | |

#### सुझावहरू

- नदी र खानीबाट निस्कने ढुङ्गा, गिट्टी, बालुवालाई घाटगद्दी गरेर मात्र बिक्री गर्ने र ठेक्का अवधिपछि घाटगद्दीमा सामान बाँकी रहेमा गाउँपालिकाको हुने व्यवस्था गर्ने
- ढुङ्गा, गिट्टी, वालुवा एवं माटोको बिक्री दर आर्थिक ऐनमा उल्लेख गर्ने।
- ढुङ्गा, गिट्टी, वालुवा एवं माटो बिक्रीको ठेक्का नलागेमा वडाको सहयोगमा गाउँपालिका आफैले अमानतमा बिक्री गर्ने व्यवस्था गर्ने।
- नदीजन्य पदार्थको चोरी निकासी तथा चुहावटलाई नियन्त्रण गर्न अनुगमन प्रणालीको स्थापना गर्ने।

### (ग) बहाल बिटौरी शुल्क

#### विद्यमान अवस्थाः

गाउँपालिका क्षेत्रभित्र सार्वजनिक, स्थानीय सरकारको नाममा रहेका ऐलानी जग्गा त्यस्तो जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनी स्थल र ती स्थानमा अस्थायी अनुमति लिएर राखिएका पसलमा अनुसूची-९ अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिने व्यहोरा आर्थिक ऐनको दफा १० मा उल्लेख गरेको छ।यस गाउँपालिकाको वडा नं ४ मा अवस्थित जनता माध्यमिक विद्यालय बङ्गाँडाले राज्य पूनर्संरचना हुनुभन्दा अगाडि देखिनै आ.व.२०७८/७९ सम्म सार्वजानिक तथा ऐलानी जग्गामा बनाइएका टहराहरूबाट भाडा असुल गरी विद्यालयका शिक्षकहरूलाई तलब दिंदै आएको अवस्था छ।

आ.व.२०७८/७९ मा यस शीर्षकबाट शुल्क सङ्कलन भएको देखिदैन।चालु आ.व.मा यस शीर्षकबाट रु ३ लाख ५० हजार अनुमान गरिएको भएतापनि मंसिर १९ गते सम्म सम्म कुनैपनि रकम सङ्कलन भएको देखिदैन।

#### सम्भाव्यताः

यस गाउँपालिकामा बजार क्षेत्रहरूमा सार्वजानिक तथा ऐलानी जग्गाहरूमा बनेका टहराहरूबाट स्थानीय विद्यालयले बहाल विटौरी शुल्क सङ्कलन गर्दै आएकोमा आउँदा वर्ष गाउँपालिकाले सङ्कलन गर्दा वार्षिक रु ३ लाख ५० हजार सङ्कलन हुने सम्भावना रहेको छ।

#### सुझावहरू

- सार्वजनिक जग्गा उपयोग गरी व्यापार व्यवसाय गर्ने संरचनाहरूको एकिन तथ्याङ्क पत्ता लगाउने
- सार्वजनिक जग्गा उपभोग गरी बसोबास गरेकाहरूलाई बहाल बिटौरी शुल्कको दायरामा ल्याउन कार्यविधि तर्जुमा गर्ने।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागु भइसकेपछि सरकारी तथा ऐलानी जग्गामा बनेका संरचनामा भाडा असुल गर्ने अधिकार स्थानीय तहमा आएकोले आगामी आ.व.देखि गाउँपालिकाले विद्यालय प्रशासनसँग समन्वय गरी यसबाट सङ्कलन हुने रकम गाउँपालिकाको खातामा जम्मा हुने व्यवस्था गर्ने ।

## (घ) नक्सा पास दस्तुर

### विद्यमान अवस्था

स्थानीय सरकारले आफ्नो क्षेत्र भित्र नयाँ घर तथा भवन निर्माण गर्दा बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ र स्थानीय सरकारले निर्माण गरेको भवन निर्माण मापदण्डअनुसार नक्सा पास गर्नुपर्ने व्यवस्था गरेको छ। यो नियम लागु हुनु पूर्व निर्माण भएका भवनको अभिलेखीकरण बापत दस्तुर लिन सक्ने कानूनी व्यवस्था रहेको छ। यस गाउँपालिकाको आर्थिक ऐनको २०७९ दफा १३ मा सेवा शुल्क दस्तुरभित्र नक्सा पास दस्तुर निर्धारण गरिएको छ। यसको दर रेट अनुसूची-१२ मा दस्तुर तथा सेवा शुल्क भित्र उल्लेख गरिएको छ। यस गाउँपालिकामा सडकको अधिकार क्षेत्र किटान नहुँदा नक्सा पासलाई प्रभावकारी रुपमा लागु गर्न सकिएको अवस्था छैन। हालसम्म अभिलेखीकरणमा मात्र दस्तुर सङ्कलन हुँदै आएको छ।

आ.व.२०७८/७९ मा यस शीर्षकमा रु ४५ हजार ७ सय २५ रकम सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकमा रु १ लाख ५० हजार अनुमान गरिएकोमा मंसिर १९ गते सम्म रु १२ हजार ९ सय ८५ सङ्कलन भएको देखिन्छ।

### सम्भाव्यता:

यस गाउँपालिकामा हालका दिनमा आवासीय र व्यापारिक दुवै वर्गका भवन निर्माणमा विस्तारै बढ्दै गएको छ। यसका आधारमा आगामी आ.व.मा गाउँपालिका क्षेत्रमा करिब २० वटा आवासीय घरहरू, २ वटा व्यवसायिक घरहरूको नक्सा पास हुने अनुमान गरिएको छ। यसै गरी १५० वटा घरहरू अभिलेखीकरण गरिने अनुमान गरिएको छ। यसबाट वार्षिक रुपमा जम्मा रु ४ लाख १५ हजार २ सय सङ्कलन हुने सम्भावना रहको छ।

**तालिका नं २४:** नक्सा पास दस्तुरको सम्भाव्यता विश्लेषण

| भवनको किसिम र बनोट | गत वर्षको सङ्ख्या | आगामी आ.व.को अनुमान | दर प्रति वर्ग फिट | औषत क्षेत्रफल | कुल सम्भाव्य रकम (रु.) |
|---|---|---|---|---|---|
| भवन निर्माण मापदण्ड २०७२ अनुसार बनेका घर आवासीय प्रयोजन | - | २० | ३ | ८०० | ४८००० |
| भवन निर्माण मापदण्ड २०७२ अनुसार बनेका घर व्यावसायिक प्रयोजन | - | २ | ३ | १२०० | ७२०० |
| अभिलेखीकरण | १८ | १५० | ३ | ८०० | ३६०००० |
| जम्मा | | १७२ | | | ४१५२०० |

### सुझावहरू

- नक्सा पासलाई अनिवार्य गरी अभिलेखीकरणलाई अभियानका रुपमा सञ्चालन गर्ने
- गाउँपालिका क्षेत्रिभत्र बनाइएका सडकहरूको अधिकार क्षेत्र किटान गर्न यातायात गुरुयोजना निर्माण गरी लागु गर्ने र सोही बमोजिम घर नक्सा पास गर्ने कार्यविधि निर्माण गर्ने
- गाउँपालिकाको भवन निर्माण मापदण्डअनुसार नक्सा पास गर्ने नीति बनाई अनुगमन प्रणालीलाई वडा तहसम्म प्रभावकारी बनाउने

## (ङ) व्यवसाय रजिस्ट्रेसन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

### विद्यमान अवस्था

स्थानीय सरकारले एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नका लागि अनुमति दिन र सो बापत दस्तुर सङ्कलन गर्न सक्ने प्रावधान छ। गाउँपालिकाले "घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि निर्माण गरेको छ। यस गाउँपालिकाको आर्थिक ऐनको व्यवसाय कर अन्तर्गत अनुसूची ४ मा यस सम्बन्धी दर उल्लेख गरिएको छ। हाल यस गाउँपिलकाले निजी विद्यालयको दर्ता एक पटक मात्र लिने गरेको र सालबसाली रुपमा नवीकरण नगरेको अवस्था रहेको छ।

आ.व.२०७८/७९ मा यस शीर्षकबाट रु ७१ हजार ८ सय ३० सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकमा ५० हजार सङ्कलन हुने अनुमान गरिएकोमा मंसिर १९ गते सम्म रु २० हजार ३ सय ६५ आय सङ्कलन भएको देखिन्छ।

### सम्भाव्यता:

गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, "घ" वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ सञ्चालनमा आउन चाहनेलाई इजाजत दिने कानूनी व्यवस्था रहेको छ। यस अध्ययनको क्रममा गरिएको छलफलमा हाल २४ वटा व्यवसायिक फर्महरू रहेको अनुमान गरिएको छ। त्यस्ता संस्थाहरूलाई दर्ता तथा अनुमति प्रदान गर्दा व्यवसाय रजिस्ट्रेसन दस्तुर सङ्कलनबाट रु १ लाख ३६ हजार सङ्कलन हुने सम्भावना देखिन्छ।

**तालिका नं २५:** व्यवसाय रजिस्ट्रेसन दस्तुरको सम्भाव्यता विश्लेषण

| क्र.सं. | व्यवसायको प्रकार | सङ्ख्या | औसत दर | कुल सम्भावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | घ वर्गका निर्माण व्यवसाय | ८ | १५००० | १२०००० |
| २ | फार्मेसी, निजी विद्यालय, तालिम प्रदायक संस्था | ८ | १००० | ८००० |
| ३ | सहकारी | ८ | १००० | ८००० |
| **जम्मा** | | २४ | | १३६००० |

### सुझावहरू

- यसमा शीर्षकमा एफएम, रेडियो, विद्यालय स्थापना, व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ, ढुङ्गा, गिट्टी सर्वेक्षण, उत्खनन्, उपयोग गरे बापतको अनुमति दिन र दस्तुर सङ्कलन गर्न सक्ने।
- आर्थिक ऐनमै दर्ता अनुमति दस्तुर दर निर्धारण गरी सङ्कलन गर्ने
- अनुमति नलिई सञ्चालन गरेमा दण्ड जरिवानाको व्यवस्था गर्ने
- निजी विद्यालयहरूको नवीकरण सालबसाली रुपमा गर्नुपर्ने ।

## (च) सेवा शुल्क

सम्पत्ति तथा आयस्रोत मूल्याङ्कन सेवा शुल्क (अन्य प्रशासनिक सेवा शुल्क)

### विद्यमान अवस्था

गाउँपालिकाको आर्थिक ऐन २०७९ को दफा १३ मा सेवा शुल्क दस्तुर भित्र अनुसूची-१२ मा उल्लेख भएअनुसार सम्पत्ति तथा आयस्रोत मूल्याङ्कन सेवा शुल्क लगाउने र असुल उपर गरिने उल्लेख गरिएको छ।

आ.व.२०७८/७९ मा यस शीर्षकबाट रु ३६ हजार ५ सय ५ रकम सङ्कलन भएको थियो।चालु आ.व.मा यस शीर्षकमा रु१ लाख २० हजार आय अनुमान गरिएकोमा मंसिर १९ गते सम्म रु २८ हजार ९ सय १० सङ्कलन भएको देखिन्छ।

### सम्भाव्यताः

गाउँपालिकाले प्रदान गर्ने घरजग्गा लगायत सम्पत्तिको मूल्याङ्कन र आयस्रोत मूल्याङ्कन सम्बन्धी सेवा वार्षिक ५० घरपरिवारले उपयोग गर्ने र सो बापत औसत रु.२००० शुल्क निर्धारण गर्दा आगामी आ.व.मा सम्पत्ति तथा मूल्याङ्कन सेवा शुल्कबाट करिब रु.१ लाख सेवा शुल्क सङ्कलन हुने अनुमान गरिएको छ।

### सुझावहरू

- आर्थिक ऐनमा सम्पत्ति मूल्याङ्कनका दरहरू यसै शीर्षकमा उल्लेख गरी सङ्कलनको व्यवस्था मिलाउने।

## (छ) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

### विद्यमान अवस्था

स्थानीय सरकारले आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, औजार तथा अन्य उपकरणहरू जस्ता सरकारी सम्पत्तिहरू बहालमा लगाउने र भाडा उठाउने अधिकार भएतापनि यस सम्बन्धी कुनैपनि व्यवस्था गाउँपालिकाको आर्थिक ऐन २०७९/८० मा उल्लेख गरिएको पाइदैन।यस गाउँपालिकामा बाङ्गेसाल स्वास्थ्य चौकी र हंशपुर स्वास्थ्य चौकीमा गरी २ वटा एम्बुलेन्स स्वास्थ्य चौकीले नै व्यवस्थापन समिति बनाई सञ्चालनमा ल्याएको छ।यसबाट प्राप्त हुने आम्दानी सम्बन्धित स्वास्थ्य चौकीले नै लिने गरेको छ।आगामी आ.व.मा वडा नं ६ मा रहेको स्वास्थ्य चौकीकालागि पनि १ वटा एम्बुलेन्स खरिद गर्ने कार्यक्रम रहेको

छ। आम्दानी र खर्चको हिसाब किताब स्वास्थ्य चौकीले नै गर्दा पारदर्शितामा कमी भएको महशुस गरिएको छ।

आ.व.२०७८/७९ मा बाङ्गेसाल स्वास्थ्य चौकीमा रहेको एम्बुलेन्सले रु ७ लाख १ सय ८० र हंशपुर स्वास्थ्य चौकीमा रहेको एम्बुलेन्सबाट रु ५ लाख १० हजार ३ सय ५० सङ्कलन भएको थियो। यो आम्दानी गाउँपालिकाको खातामा जम्मा गरिएको थिएन। चालु आ.व. मा पनि यस शीर्षकमा कुनैपनि रकम अनुमान तथा आय सङ्कलन भइ गाउँपालिकाको खातामा जम्मा भएको देखिदैन।

**सम्भाव्यताः**

यस गाउँपालिकाको स्वामित्वमा रहेका सटरहरू अन्य भौतिक पूर्वाधारहरू निर्माण गरिएका छैनन। गाउँपालिकाको स्वामित्वमा रहेका निर्माणका साधनहरू पनि भाडामा दिने गरिएको छैन। रानीकुवा पार्कमा रहेको हल र गाउँपालिकाको सभा हल लाई भाडामा दिने सम्भावना रहेको छ। यसबाट गाउँपालिकाले रु ३० हजार सङ्कलनको सम्भावना रहेको छ।

**तालिका नं २६:** सरकारी सम्पत्तिको बहालबाट प्राप्त आयको सम्भाव्यता विश्लेषण

| क्र.स. | बहालमा लगाइएको सम्पत्तिको विवरण | परिमाण | कुल सम्भावना रकम (रु.) |
|---|---|---|---|
| १ | रानीकुवा पार्कमा रहेको हल | १ | १०००० |
| २ | गाउँपालिकाको सभा हल | १ | २०००० |
| | **जम्मा** | | ३०००० |

**सुझावहरू**

- रानीकुवा पार्कमा रहेको हललाई व्यवस्थित गरी भाडा दर आर्थिक ऐनमा उल्लेख गर्ने
- एम्बुलेन्सबाट प्राप्त आम्दानीलाई गाउँपालिकाको खातामा जम्मा हुने व्यवस्था मिलाउने
- गाउँपालिकाको लगानीको केही अंश दीर्घकालिन रुपमा आय आर्जन हुन सक्ने क्षेत्रहरू.रू (जस्तो तरकारी तथा फलफुल बजार, पार्किङ स्थल, मनोरञ्जन क्षेत्र) मा लगानी गर्ने नीति तर्जुमा तथा कार्यान्वयन गर्ने।
- एम्बुलेन्स सञ्चालन कार्यविधि तयार पारी सो बमोजिम रकम सङ्कलन गर्नुपर्ने

### (ज) सिफारिस तथा प्रमाणित दस्तुर

**विद्यमान अवस्थाः**

गाउँपालिकाले कानून बमोजिम सिफारिस तथा प्रमाणित दस्तुर लिन पाउने व्यवस्था गरेको छ। सोहीअनुसार गाउँपालिकाले आर्थिक ऐन २०७९ दफा १३ मा अनुसूची-१२ मा यसका दर निर्धारण गरेको छ। आ.व.२०७८/७९ मा सिफारिस दस्तुरमा रु १० लाख ७६ हजार ४ सय २८ सङ्कलन भएको थियो। नाता प्रमाणित दस्तुरमा रु ५८ हजार ८ सय ७० सङ्कलन भएको थियो। व्यक्तिगत घटना दस्तुरमा

रु ३ लाख ५७ हजार ९ सय १० सङ्कलन भएको थियो। अन्य दस्तुरबाट रु ७ लाख ४४ हजार ८ सय २६ सङ्कलन भएको थियो।

चालु आ.व.मा सिफारिस शीर्षकमा रु १० लाख ५० हजार अनुमान गरिएकोमा मंसिर १९ गते सम्म रु ३ लाख ७८ हजार १ सय २९, व्यक्तिगत घटना दस्तुर अन्तर्गत रु ३ लाख ५० हजार अनुमान गरिएकोमा मंसिर १९ गते सम्म रु ६७ हजार ६ सय २०, नाता प्रमाणित अन्तर्गत रु ६० हजार अनुमान गरिएकोमा मंसिर १९ गते सम्म रु ११ हजार ६० र अन्य दस्तुर अन्तर्गत रु २ लाख अनुमान गरिएकोमा मंसिर १९ गते सम्म रु ८९ हजार ३ सय ८० सङ्कलन भएको अवस्था छ।

**सम्भाव्यताः**

गाउँकार्यपालिका कार्यालय र वडा कार्यालयहरूबाट वार्षिक रुपमा हुने सिफारिस घटना दर्ता दस्तुर, नाता प्रमाणित दस्तुर र अन्य दस्तुर गरी जम्मा ७२५० वटा सिफारिस हुने अनुमान गरिएको छ। शीर्षकगत रुपमा भन्दा सिफारिस बापत रु ११ लाख २५ हजार, व्यक्तिगत घटना दस्तुरबाट रु १ लाख, नाता प्रमाणित दस्तुर रु १ लाख ६२ हजार ५ सय र अन्य दस्तुरबाट रु ३ लाख २० हजार सङ्कलन हुन सक्ने अनुमान गरिएको छ।

**तालिका नं २७:** सिफारिस तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण

| क.सं. | सिफारिस प्रमाणीकरणको विवरण | आगामी आ.व.को अनुमान | औसत दर (रु. प्रति सिफारिस) | कुल सम्भावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | सिफारिस दस्तुर | ४५०० | २५० | ११२५००० |
| २ | घटना दर्ता दस्तुर | ५०० | २०० | १००००० |
| ३ | नाता प्रमाणित दस्तुर | ६५० | २५० | १६२५०० |
| ४ | अन्य दस्तुर | १६०० | २०० | ३२०००० |
| | **जम्मा** | ७२५० | | **१७०७५००** |

**सुझावहरू**

- शीर्षकअनुसार सङ्कलन भएको रकम सोही शीर्षकमा प्रविष्ट गर्नुपर्ने
- शुल्क निर्धारण गर्दा सेवाको लागत, जनताको सामर्थ्य र अन्य स्थानीय तहले लगाएको दरसँग तालमेल हुँने गरी कायम गर्ने

## (झ) फोहरमैला व्यवस्थापन शुल्क

**विद्यमान अवस्थाः**

गाउँपालिकाले फोहोरमैला सङ्कलन तथा व्यवस्थापन सेवा दिए वापत शुल्क लिन सक्ने कानूनी व्यवस्था रहेको छ। आर्थिक ऐनको यस सम्बन्धी कुनै व्यवस्था गरिएको छैन। यस गाउँपालिकाले बड्डाँडा लगायतका केही घरहरूमा फोहरमैला व्यवस्थापन सेवा निशुल्क रुपमा उपलब्ध गराउँदै आएको छ।

**सम्भाव्यताः**

आगामी आ.व. देखि यस शीर्षकमा यो सेवा पुऱ्याए वापत ४५० घरधुरीबाट वार्षिक औषत रु १०० का दरले शुल्क लिंदा रु ४५ हजार सङ्कलन हुन सक्ने देखिन्छ।

**सुझावहरू**

- फोहरमैला व्यवस्थापन शुल्कलाई आर्थिक ऐनमा उल्लेख गर्ने
- फोहरमैला बढी उत्पादन गर्नेसँग बढी र कम उत्पादन गर्नेसँग कम दर निर्धारण गर्न फोहरमैला व्यवस्थापन कार्यविधि तयार पार्ने
- फोहरमैलाको दीगो रुपमा व्यवस्थापन गर्न कुहिने र नकुहिने फोहरको वर्गीकरण गरी व्यवस्थापन गर्ने
- पुन प्रयोग हुने र पुन प्रशोधन हुने फोहरलाई कवाडीजन्य वस्तु सरह सङ्कलन गर्ने व्यवस्था गर्ने

# परिच्छेद - चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

## ४.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

गाँउपालिकाले राजस्व परिचालनको अवस्थामा सुधार ल्याउनका लागि तपसिलमा उल्लेखित नीतिहरू अवलम्बन गर्नुपर्ने देखिन्छः

१. सम्पत्ति कर र मालपोत कर सङ्कलनकालागि घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर असुल गरी बाँकी जग्गामा मालपोत सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ।

२. करदातालाई कर तिर्नु हाम्रो दायित्व हो भन्ने बोध गराई निर्धारित समयमा तिर्नेलाई छुट र समयभन्दा ढिलो कर तिर्नेलाई जरिवानाको व्यवस्था गरिनेछ।

३. करको दायरामा नआएका व्यवसायीलाई दायरामा ल्याउन सरुमारानी उद्योग वाणिज्य संघसँग समन्वय गरी उद्योग वाणिज्य संघमा सदस्यता नवीकरण गर्दा गाउँपालिकामा व्यवसाय कर तिरेपछि मात्र नवीकरण हुने व्यवस्था मिलाइने छ।

४. सम्पत्ति कर,मालपोत तथा बहाल करलाई एकिकरृत रुममा सङ्कलन हुने व्यवस्था मिलाइनेछ।

५. विज्ञापन सामग्रीहरूको लगत सङ्कलन गरी विज्ञापन करको ठेक्कालाई परिमार्जन गरिनेछ।

६. जडीबुटी, कवाडी र जीवजन्तु कर सम्बन्धी सम्भाव्यता अध्ययन गरी न्यूनतम ठेक्का अंक कायम गरिनेछ।

७. साना सवारी साधनको लगत सङ्कलन गरी करको दायरामा ल्याउन ती सवारी साधन पार्किङ्ग गर्ने स्थान समेत व्यवस्था गरिनेछ।

८. एम्बुलेन्सको व्यवस्थापन गाउँपालिका मार्फत गरी यसबाट प्राप्त हुने आम्दानी गाउँपालिकामा जम्मा हुने व्यवस्था मिलाइने छ।

९. गाउँपालिकामा हेल्पडेस्कको व्यवस्था गरि स्थानीय सञ्चार माध्यमको अधिकतम् प्रयोग गरी करदाताहरूलाई कर तिर्न सुसूचित गरिनेछ।

१०. गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू र बजार क्षेत्रमा करबाट सङ्कलन भएको रकम खर्च हुने शीर्षक समावेश गरी फ्लेक्स प्रिन्ट बनाई टाँसिनेछ।

११. गाउँपालिकाको आम्दानी र खर्च (विशेष गरी आन्तरिक राजस्व तथा त्यसको उपयोग) नियमित रुपमा सार्वजनिक गरिनेछ।

१२. कर सङ्कलनमा हुन सक्ने चुहावटलाई ध्यानमा राखी अनुगमनलाई थप प्रभावकारी बनाइने छ।

१३. राजस्व उपशाखामा कार्यरत कर्मचारीहरू र वडा सचिवहरूलाई राजस्व संकेतअनुसार राजस्व सङ्कलन गर्न आवश्यक तालिम उपलब्ध गराइनेछ।

१४. राजस्व परिचालनका लागि करका दरहरू भन्दा दायरा फराकिलो पारी नयाँ आम्दानीका स्रोतहरू पहिचान गरिनेछ।

१५. करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउँदै प्रगतिशील, समन्यायिक, पारदर्शी र व्यवसायीमैत्री राजस्व प्रणालीको विकास गरिनेछ।

१६. प्रगतिशील कर प्रर्णाली मार्फत राजश्व र कर प्रशासनलाई परिमार्जित र प्रभावकारी वनाइनेछ।

१७. राजश्वका दर, स्रोत र दायराका आधारमा समसामयिक परिवर्तन गरी जनशक्ति व्यवस्थापन र क्षमता अभिवृद्धि गरिनेछ।

१८. फोहरमा मिसिएका कवाडीजन्य सामानहरूलाई कवाडी सङ्कलकसँग समन्वय गरी फोहरको मात्रालाई कम पारिनेछ।

१९. नक्सा पासलाई व्यवस्थित गर्न यातायात गुरुयोजना तयार पारी सबै सडकको क्षेत्राधिकार कायम गरी नक्सा पासलाई अनिवार्य गराइनेछ।

## ४.२ राजस्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान

यस अध्ययनको क्रममा सङ्कलन गरिएका तथ्याङ्क एवं सूचनाको अध्ययन तथा विश्लेषण र छलफल कार्यक्रमबाट प्राप्त सुझावको आधारमा पहिचान भएका यस गाउँपालिकको राजस्व सुधारका लागि गर्नुपर्ने प्रमुख कार्यहरू सुझावको रुपमा देहायअनुसार प्रस्तुत गरिएको छः

- सम्पत्ति कर र मालपोत सङ्कलनकालागि कार्यविधि बनाई सो बमोजिम करका दरलाई सफ्टवेयरमा मिलाउने
- करदाताले वार्षिक रुपमा तिर्नुपर्ने राजस्व रकम मोबाइल फोनमार्फत जानकारी गराउने
- राजस्व उप शाखालाई सबल बनाई राजस्व तिरे नतिरेको एकिन गरी नतिरेको भए फोनबाट जानकारी गराउने
- राजस्वका सबै शीर्षकहरू समावेश गरी सबै शीर्षकमा दायरा अभिवृद्धि गर्ने र करदाताहरूलाई राजस्व सम्बन्धी जानकारी गराउने
- जनता माध्यमिक विद्यालय बड्डाँडासँग समन्यव गरी बहाल बिटौरी शुल्क गाउँपालिकाले उठाउने व्यवस्था मिलाउने
- साना सवारी साधनमा कर लगाउनु भन्दा पहिले पार्किङ्ग स्थलको व्यवस्था मिलाउने
- वडा कार्यालयको क्षमता अभिवृद्धि गर्ने र वडा कार्यालयले करदाताको अभिलेख चुस्त दुरुस्त राख्ने
- गाउँपालिकाको राजश्व उपशाखाबाट सङ्कलन हुने रकम बैंक मार्फत सङ्कलन गर्न सरोकारवालासँग अन्तरक्रिया तथा छलफल गर्ने

## ४.३ आय सङ्कलनको संस्थागत क्षमता

### क) कार्यकक्ष तथा कार्य स्थलको प्रर्याप्तता

राजस्व उपशाखालाई अलग्गै कोठाको व्यवस्था गरिएको छ र सेवाग्राहीहरू आएर राजस्व बुझाउन आउँदा प्रयाप्त स्थान भएको देखिन्छ।

### ख) फर्निचर, कम्प्यूटर, प्रिन्टर, यातायातका साधन तथा अन्य भौतिक सुविधाहरू

यस उपशाखामा २ वटा कम्प्युटर, १ वटा प्रिन्टर, र २ वटा स्क्यानर ४ वटा टेबल र २ वटा दराजको व्यवस्था गरिएको छ। कुर्सी २ वटा, हिटर २ वटा व्यवस्था गरिएको छ। यस उपशाखामा काम गर्ने कर्मचारीलाई सवारी साधन उपलब्ध गराइएको छैन।

### ग) राजस्व परिचालन सम्बन्धी प्रक्रियागत र प्रशासनिक व्यवस्था

संगठन संरचनामा यस गाउँपालिकाले वित्तीय व्यवस्थापन शाखा राजस्व प्रशासन उपशाखा गठन गरी राजस्व परिचालनसँग सम्बन्धित सम्पूर्ण कार्यहरू उक्त उपशाखा मार्फत् हुँदै आईरहेको छ। राजस्व उप शाखामा सहायकस्तर पाँचौ तहको १ जना कर्मचारीलाई राजस्व प्रमुखको जिम्मेवारी तोकिएको अवस्था छ। स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्व परिचालनको प्रशासनिक व्यवस्था देहायअनुसार रहेको छः

- राजस्व उपशाखा तथा उक्त उपशाखाका कर्मचारीले राजश्व सङ्कलन लगायत महिला बालबालिका सम्बन्धी कार्य समेत गरिरहेको अवस्था छ।
- यस उपशाखामा विगतका आ.व.मा सङ्कलन भएका राजस्व सम्बन्धी तथ्याङ्क, विभिन्न आर्थिक वर्षहरूको राजस्व बजेट, विभिन्न ठेक्का प्रक्रियाका दस्तावेजहरू, राजस्व परिचालनसँग सम्बन्धित ऐन, कानून तथा कार्यविधिहरू जस्ता आवश्यक तथ्याङ्क तथा दस्तावेजहरू व्यवस्थित रुपमा राखिएको छैन।
- गाउँपालिकाको राजस्व उप शाखा तथा ६ वटै वडा कार्यालयहरूमा उक्त सफ्टवेयर जडान गरी कम्प्युटरको प्रयोग गरी बिल काटिँदै आएको छ।
- राजस्व सफ्टवेयर सञ्चालन सम्बन्धी वडा कार्यालयका सम्बन्धित कर्मचारीहरू तथा राजस्व शाखाका कर्मचारीहरूलाई राजस्व सम्बन्धी ज्ञानको कमीले एउटा शीर्षकमा हुनुपर्ने रकम अर्को शीर्षकमा काटिएको पाइन्छ।
- सफ्टवेयरमा राजस्वका शीर्षकहरू हाल नेपाल सरकारले व्यवस्था गरेको राजस्व कोड तथा शीर्षकअनुसार पुरा नभएकाले सङ्कलन गरिएको राजस्वका शीर्षकहरू नमिल्दा अन्य करमा रकम काटिने गरेको छ।

गाउँकार्यपालिका कार्यालयबाट देहायका शीर्षकमा राजस्व सङ्कलन हुने गरेको छः

- ठेक्का बन्दोवस्त भई सङ्कलन हुने आय
- नक्सा पास दस्तुर
- बोलपत्र बिक्री
- घ वर्गको निर्माण व्यवसाय इजाजत दस्तुर
- स्कुलको सिफारिस तथा अनुमति दस्तुर
- वडा कार्यालयबाट सङ्कलन गर्न नमिल्ने विविध सिफारिस दस्तुरहरू

- दण्ड तथा जरिवाना आदि।

माथि उल्लेखित बाहेकका निम्नलिखित राजस्व वडा कार्यालयले नै सङ्कलन गर्ने गरेको छः

- मालपोत
- घटना दर्ता विलम्ब दस्तुर
- चार किल्ला प्रमाणित
- घरबाटो सिफारिस
- जग्गा नामसारी सिफारिस
- जाति सिफारिस
- आय स्रोत प्रमाणित
- कर चुक्ता सिफारिस
- नाता प्रमाणित दस्तुर
- विद्युत जडान तथा नामसारी सिफारिस
- नक्सा पास सिफारिस
- कृषि फर्म सिफारिस
- व्यवसाय कर
- घरजग्गा बहाल कर
- डण्ड जरिवाना आदि।

- आर्थिक ऐनमा कर, शुल्क र दस्तुर राजस्व अधिकारका सबै शीर्षकहरूमा दर निर्धारण नभएको तथा उपयुक्त शीर्षकमा आम्दानी प्रविष्ट नगरिएको अवस्था छ।
- राजस्वको अनुमान र यथार्थ सङ्कलन बीचको तालमेल कमी रहेको छ।
- सम्पत्ति कर, नक्सा पास, तथा बहाल बिटौरी शुल्कको सुरुवात आगामी आ.व.देखि गर्नुपर्ने देखिएको छ।
- घरले चर्चेको नम्बरी जग्गामा सम्पत्ति कर र त्यसभन्दा बाहेकको जग्गामा मालपोत कर र ऐलानी जग्गा तथा त्यस जग्गामा बनेको घरमा बहाल बिटौरी शुल्क लिनुपर्ने
- सम्पत्ति कर व्यवस्थापन कार्यविधि बनाई लागु गर्नुपर्ने
- गाउँपालिकाले राजस्व परिचालनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ राजस्व उप शाखा र ६ वटै वडामा राजस्व सङ्कलन सफ्टवेयरको प्रयोग गरिएको

### घ) राजस्व सम्बन्धी डाटावेस,राजस्व प्रशासनमा सफ्टवेयर र सोको प्रयोग

राजस्व सङ्कलनका लागि शहरी विकास मन्त्रालयले निर्माण गरेको सफ्टवेयर प्रयोग गरिएको छ।यस सफ्टवेयरमा आर्थिक ऐनमा व्यवस्था गरिएका करका दरहरू प्रविष्ट गरिएका छन्।सबै सेवाग्राहीको विवरण यस सफ्टवेयरमा प्रविष्ट गरिएको छ।कुनै सेवाग्राहीको नामबाट खोजी गरेपछि नीजले तिर्नुपर्ने राजस्व रकम देखा पर्दछ र कम्प्युटर विलिङ्ग सिष्टमबाट विल उपलब्ध गराइन्छ।

### ङ) कप्यूटर विलिङ्ग प्रणालीको प्रयोग

आर्थिक ऐनमा उल्लेख गरिएका विभिन्न विषयका कर तथा गैर करका दरहरू सफ्टवेयरमा सेट गरिएको छ।कुन शीर्षकको राजस्व हो सोहीअनुसार कम्प्युटरमा प्रविष्ट गर्नासाथ नीजले तिर्नुपर्ने शुल्क देखिन्छ।सबै वडामा यस किसिमको सफ्टवेयरको व्यवस्था गरिएको छ।वडाबाट सङ्कलन नगरिने घर नक्सा पास तथा घ वर्गको इजाजत पत्रका लागि गाउँपालिकाको राजस्व उप शाखाबाट सङ्कलन हुने गर्दछ।

## च) नगद सङ्कलन र बैंक दाखिला र अभिलेख व्यवस्थापन

राजस्व सङ्कलनका लागि ६ वटै वडा तथा गाउँकार्यपालिकाको कार्यालयबाट सङ्कलन गर्न सकिने व्यवस्था गरिएको छ। वडा कार्यालयहरूबाट सङ्कलित राजस्व अनलाइन प्रविधिबाट बिल काट्ने र उठेको रकम मासिक रुपमा बैंक दाखिला गरी भौचर राजस्व उपशाखामा बुझाउने गरिएको छ।

## छ) गाउँपालिकाको आन्तरिक आय परिचालन

गाउँपालिकाको विगत तीन आर्थिक वर्षको यथार्थ आन्तरिक तथा वाह्य आय, चालु आ.व. २०७९/८० को अनुमान र मंसिर १९ गते सम्मको सङ्कलित आयलाई तुलनात्मक रुपमा तलको तालिकामा देखाइएको छ। गत ३ आ.व.को यथार्थ आयलाई कम्प्युटरको एक्सलमा प्रविष्ट गरी LOGEST फर्मुलाको प्रयोगबाट वृद्धिदर पत्ता लगाइएको छ। यसबाट गाउँपालिकाको आय सङ्कलनको प्रवृति पत्ता लगाइएको छ।

**तालिका नं २८:** विगतको तीन आ.व.को यथार्थ र चालु आ.व.को अनुमान र प्रासिको अवस्था

| क्रस | विवरण | २०७६/७७ यथार्थ | २०७७/७८ यथार्थ | २०७८/७९ यथार्थ | वृद्धिदर | २०७९/८० | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुमान | मंसिर १९ सम्मको आय |
| **क** | कर तथा गैर कर राजस्व | ३,०३५ | १४,५१२ | १४,२३६ | ११७ | १२,०७० | २,४९२ |
| १ | कर | १,५१३ | ५,३१४ | ५,०९२ | ८३ | २,५१५ | १,७४४ |
| ११३१३ | सम्पत्ति कर | १८१ | २८७ | ३७३ | ४४ | ३०० | २२९ |
| ११३१४ | भूमिकर (मालपोत) | ६९८ | २,६७२ | २,७१९ | ९७ | १,१०० | १,०८१ |
| ११३२१ | घर बहाल कर | ९० | १९४ | २०१ | ४९ | १०० | ६१ |
| ११३२२ | बहाल बिटौरी शुल्क | ० | ० | ० | ० | ३५० | ० |
| ११४५१ | सवारी साधन कर | ० | ० | ० | ० | २० | ० |
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | ० | ० | ० | ० | ० |
| ११४७० | विज्ञापन कर | १९ | ० | २६ | ० | २८ | ० |
| ११४७१ | अन्य मनोरञ्जन कर | ० | ० | ० | ० | ० | ० |
| १४६११ | व्यवसाय कर | ५०० | ३५३ | ४४८ | -५ | ३५० | २६७ |
| ११६३२ | जडीबुटी कवाडी तथा जीवजन्तु कर | २५ | ० | ३२ | ० | ७५ | १०५ |
| ११६९१ | अन्य कर | ० | १,८०८ | १,२९३ | ० | १९२ | १ |
| २ | गैर कर | १,५२२ | ९,१९८ | ९,१४४ | १४५ | ९,५५५ | ७४८ |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ० | ० | ० | ० | ० | ० |
| १४२५३ | व्यवसाय रजिस्ट्रेसन दस्तुर | ० | ० | ७२ | ० | ५० | २० |
| १४१५७ | ढुङ्गा, गिट्टी, बालुवा बिक्री | ५६३ | ४,१५१ | ६,०६७ | २२८ | ५,००० | ९ |

| क्रस | विवरण | २०७६/७७ यथार्थ | २०७७/७८ यथार्थ | २०७८/७९ यथार्थ | वृद्धिदर | २०७९/८० | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुमान | मंसिर १९ सम्मको आय |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त रकम | ० | ० | ० | ० | ० | ० |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | ० | ० | ० | ० | ० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ० | ० | ० | ० | ० | ० |
| १४२१९ | फोहरमैला व्यवस्थापन सेवा शुल्क | ० | ० | ० | ० | ० | ० |
| १४२२१ | न्यायिक दस्तुर | ३ | ५ | ४ | १५ | ५ | १ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ० | ० | २८ | ० | ० | ६६ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (सम्पत्ति मूल्याङ्कन सेवा शुल्क आदि) | २५२ | ८८ | ७३ | -४६ | १२० | २९ |
| १४२४१ | पार्किङ्ग शुल्क | ० | ० | ० | ० | ० | ० |
| १४२४२ | नक्सापास दस्तुर | ० | २४ | ४६ | ० | १५० | १३ |
| १४२४३ | सिफारिस दस्तुर | ५२३ | १,००६ | १,०७६ | ४३ | १,०५० | ३७८ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३९ | ११२ | ३५८ | २०३ | ३५० | ६८ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २० | ३३ | ५९ | ७२ | ६० | ११ |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | ० | १२ | ७४५ | ० | २०० | ८९ |
| १४१९१ | पर्यटन शुल्क | ४ | ० | ० | ० | ० | ० |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ० | ० | ० | ० | ० | ० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ११८ | ० | ० | ० | ७० | ० |
| १४५२९ | अन्य राजस्व | ० | ३,७६७ | ६१६ | ० | २,५०० | ६४ |
| ख. | राजस्व बाँडफाँट | ५२,०१५ | ६५,९४९ | ७५,१८६ | २० | ९३,९९३ | १५,३३७ |
| *ख.१* | नेपाल सरकार | ४७,३५९ | ५९,४४२ | ६८,६७७ | २० | ८७,८४३ | १५,३३७ |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | ० | २३ | ० | ० | ० | ० |
| १४१५५ | बाँडफाँटबाट प्राप्त हुने जलस्रोत रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| १४१५६ | बाँडफाँटबाट प्राप्त हुने विद्युत रोयल्टी | ० | ० | ० | ० | ० | ० |

| क्रस | विवरण | २०७६/७७ यथार्थ | २०७७/७८ यथार्थ | २०७८/७९ यथार्थ | वृद्धिदर | २०७९/८० अनुमान | २०७९/८० मंसिर १९ सम्मको आय |
|---|---|---|---|---|---|---|---|
| १४४११ | बाँडफाँट भई प्राप्त हुने मू.अ.कर | ४७,३५९ | ५९,४१९ | ६२,७८१ | १५ | ८७,८४३ | १५,३३७ |
| १४४२१ | बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क | ० | ० | ५,८९६ | ० | ० | ० |
| ख.२ | प्रदेश सरकार | ४,६५६ | ६,५०७ | ६,५०९ | १८ | ६,१५० | ० |
| ११३१५ | घरजग्गा रजिस्ट्रेसन दस्तुर | १,२८० | १,९०८ | १,४६५ | ७ | ० | ० |
| ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,३७६ | ४,५९९ | ५,०४४ | २२ | ६,१५० | ० |
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | ० | ० | ० | ० | ० | ० |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | ० | ० | ० | ० | ० | ० |
| ग. | अनुदान तथा वित्तीय हस्तान्तरण | २५९,८८२ | ३१०,७४८ | ३०८,२८६ | ९ | ३३३,९०५ | ९१,५७२ |
| ग.१ | नेपाल सरकार | २२४,५४८ | २६७,४२६ | २७८,४१२ | ११ | २९५,००० | ९०,३६७ |
| १३३११ | समानीकरण अनुदान | ७७,७०० | ८१,९०० | ८५,७०० | ५ | ९१,२०० | २२,८०० |
| १३३१२ | सशर्त अनुदान चालु | १३७,२४८ | १८२,९७१ | १४२,०९३ | २ | १५५,२०० | ५१,३६७ |
| १३३१३ | सशर्त अनुदान पुँजीगत | ० | ० | ३३,७९६ | ० | १२,६०० | ४,२०० |
| १३३१४ | विशेष अनुदान चालु | ० | ० | ६,७०५ | ० | ० | ० |
| १३३१५ | विशेष अनुदान पुँजीगत | ० | ० | ० | ० | १४,००० | ४,६६७ |
| १३३१६ | समपूरक अनुदान चालु | ९,६०० | २,५५५ | ० | ० | ० | ० |
| १३३१७ | समपूरक अनुदान पुँजीगत | ० | ० | १०,११८ | ० | २२,००० | ७,३३३ |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षासमेत) | ० | ० | ० | ० | ० | ० |
| १३३१९ | अन्य अनुदान पुँजीगत | ० | ० | ० | ० | ० | ० |
| ग.२ | प्रदेश सरकार | ३५,३३४ | ४३,३२२ | २९,८७४ | -८ | ३३,८२० | १,२०५ |
| १३३११ | समानीकरण अनुदान | ४,१३४ | ५,०६८ | ३,९७२ | -२ | ४,८२० | १,२०५ |
| १३३१२ | सशर्त अनुदान चालु | ८,००० | १६,८२३ | ६,०७९ | -१३ | ० | ० |
| १३३१३ | सशर्त अनुदान पुँजीगत | ० | ० | ० | ० | ८,००० | ० |
| १३३१४ | विशेष अनुदान चालु | ८,२०० | ६,००० | ६,८५१ | -९ | २५० | ० |

| क्रस | विवरण | २०७६/७७ यथार्थ | २०७७/७८ यथार्थ | २०७८/७९ यथार्थ | वृद्धिदर | २०७९/८० | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुमान | मंसिर १९ सम्मको आय |
| १३३१५ | विशेष अनुदान पुँजीगत | ० | ० | ० | ० | ५७५० | ० |
| १३३१६ | समपूरक अनुदान चालु | १५,००० | १५,४३१ | १२,९७२ | -७ | ० | ० |
| १३३१७ | समपूरक अनुदान पुँजीगत | ० | ० | ० | ० | १५,००० | ० |
| १३३१८ | अन्य अनुदान चालु | ० | ० | ० | ० | ० | ० |
| १३३१९ | अन्य अनुदान पुँजीगत | ० | ० | ० | ० | ० | ० |
| *ग.३* | अन्य आन्तरिक अनुदान | ० | ० | ० | ० | ५,०८५ | ० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ० | ० | ५,०८५ | ० |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | ० | ० | ० | ० | ० | ० |
| | कुल जम्मा | ३१४,९३२ | ३९१,२०९ | ३९७,७०८ | १२ | ४३९,९६८ | १०९,४०१ |

## ४.४ आन्तरिक राजस्व संरचनाको अवस्था

गाउँपालिकाको विगत ३ आ.व.को आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त यथार्थ आय तथा वित्तीय हस्तान्तरणबाट प्राप्त हुँने आय र चालु आ.व.को अनुमान र.मंसिर १९ गते सम्मको आयको शारांश तलको तालिकामा देखाइएको छ।

**तालिका नं २९:** कुल राजस्वमा शीर्षकगत योगदान (रु. हजारमा)

| आय शीर्षक | २०७६/७७ को यथार्थ आय | २०७७/७८ को यथार्थ आय | २०७८/७९ को यथार्थ आय | वृद्धि दर | आ.व.२०७९/८० को अनुमान तथा प्राप्ति | |
|---|---|---|---|---|---|---|
| | | | | | अनुमान | मंसिर १९ सम्मको आय |
| आन्तरिक आय | ३,०३५ | १४,५१२ | १४,२३६ | ११७ | १२,०७० | २,४९२ |
| राजस्व बाँडफाँट | ५२,०१५ | ६५,९४९ | ७५,१८६ | २० | ९३,९९३ | १५,३३७ |
| अनुदान | २५९,८८२ | ३१०,७४८ | ३०८,२८६ | ९ | ३३३,९०५ | ९१,५७२ |
| कुल आय | ३१४,९३२ | ३९१,२०९ | ३९७,७०८ | १२ | ४३९,९६८ | १०९,४०१ |

## ४.५ राजस्व परिचालनमा रहेका सवालहरू

यस गाउँपालिकाको राजस्व परिचालन सम्बन्धी देखिएका मूल सवालहरूलाई यहाँ प्रस्तुत गरिएको छ।

१. राजस्व उपशाखाको स्थापनाः यस गाउँपालिकाको संगठन संरचना अनुसार राजस्व परिचालनका लागि राजस्व उप शाखाको स्थापना गरिएको छ।तर यस उपशाखामा तोकिएको दरबन्दी अनुसार पदपूर्ति भएको छैन।यस उपशाखामा महिला विकास शाखामा कार्यरत कर्मचारीलाई जिम्मेवारी तोकिएको छ।जसले गर्दा राजस्व परिचालनसँग सम्बन्धी काम कमजोर अवस्थामा रहेको छ।

२. सम्पत्ति कर र मालपोत करमा स्पष्टता नहुनुः स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख भए बमोजिम सम्पत्ति र मालपोतको शीर्षकमा स्पष्टता भएको नहुँदा उल्लेख्य मात्रामा राजस्व सङ्कलन हुन नसकेको देखिन्छ।

३. गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण तयार गरी करदाताहरूको खण्डिकृत तथ्याङ्क राखे र सोको आधारमा करको दायरा फराकिलो पार्नुपर्ने अर्को थप सवालको रुपमा रहेको छ।

४. नदीजन्य पदार्थको बिक्रीः यस गाउँपालिकाको नदीजन्य पदार्थको उत्खनन गर्ने क्षेत्र चुरे क्षेत्रभित्र पर्ने भएकोले राष्ट्रपति चुरे भावर संरक्षणसँग स्वीकृति लिनुपर्ने देखिन्छ।प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको क्षेत्रमा नदीजन्य पदार्थको उत्खनन गरी बिक्री गर्ने प्रयोजनकोलागि प्रति घ.फिट रु ६ का दरले ठेक्का लगाउँदा पहिलो पटक ठेक्का नलागेकोले दर परिवर्तन गर्न लुम्बीनी प्रदेश सरकारसँग समन्वय गर्नुपर्ने देखिन्छ।

५. करदाता शिक्षा र सुनुवाई प्रणालीः करदाता शिक्षालाई थप प्रभावकारी बनाउन, एस.एम.एस र हेल्प डेस्कलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

६. राजस्वका नयाँ क्षेत्रको पहिचानः राजस्व अभिवृद्धि गर्ने नयाँ क्षेत्रहरू जस्तैः फोहरमैला व्यवस्थापन शुल्क, बहाल बिटौरी शुल्क, पर्यटन शुल्क, साना सवारी साधन कर रहेको देखिन्छ।

७. एम्बुलेन्स सम्बन्धीः एम्बुलेन्स सञ्चालनबाट प्राप्त रकम स्वास्थ्य चौकीले नै उठाउने र सो सञ्चालन गर्दा लाग्ने सबै खर्च स्वास्थ्य चौकीले नै गर्दै आएको अवस्थालाई गाउँकार्यपालिका मार्फत सञ्चालन गर्नुपर्ने देखिन्छ।

# परिच्छेद - पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउंपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ। यस कार्ययोजनालाई गाउँकार्यपालिकाबाट स्वीकृत गरी यसमा उल्लेख गरिएका क्रियाकलापहरू सम्पन्न गर्नका लागि आवश्यक बजेटसमेत व्यवस्था गरिएको छ।

## ५.१ राजस्व सुधारका क्षेत्रहरू

राजस्व सुधार कार्ययोजना तर्जुमाको क्रममा पहिचान गरिएका राजस्व परिचालनसँग सम्बन्धित कमी कमजोरीहरूको पहिचान गरी त्यसलाई न्यूनीकरण गर्न तथा प्रक्षेपित आय तथा हाल असुल भएको यथार्थ आयको शीर्षकगत रुपमा विश्लेषण गरी सुधारका लागि उपायहरूको पहिचान गरिएको छ।

**दायराः**

राजस्व सुधारका लागि दायरा निर्धारण गर्दा संविधान तथा कानूनले निर्दिष्ट गरेका गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने राजस्वको शीर्षकहरूको मात्र छनोट गरिएको छ। गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने भएता पनि आयभन्दा सङ्कलन तथा परिचालन खर्च बढी देखिएका शीर्षकहरूलाई आय प्रक्षेपणमा समावेश गरिएको छैन। राजस्वको दायरा एकिन गर्दा करको आधार (सम्पत्ति, आय, वस्तु तथा सेवाको परिमाण, मूल्य र उपयोग)को पहिचान गरिएको छ। करदाता, उपभोगकर्ता वा सेवाग्राहीको पहिचान पश्चात तीनीहरूको सङ्ख्या तथ्याङ्कगत एवं सरोकारवालासँगको छलफलबाट अनुमानित रुपमा पत्ता लगाई त्यसको दायरा एकिन गरिएको छ। करको दायरा एकिन गर्दा आय सङ्कलनमा प्रशासनिक सहजतालाई पनि ध्यान दिइएको छ।

**दरः**

करदाताको पहिचान एवं दायरा एकिन पश्चात करका दरहरू निर्धारण गर्दा गाउँपालिकाको चालु आ.व.को आर्थिक ऐनको सहायता लिइएको छ। आर्थिक ऐनमा उल्लेख गरिएका करको दरहरू विश्लेषण गरी राजस्वका शीर्षकअनुसार समान दर, प्रगतिशील वा अनुदारवादी के कस्तो दर लगाउन उपयुक्त हुन्छ सोको छनोट गरिएको छ। सम्पत्ति करमा प्रगतिशील करको आधारमा सम्भावना विश्लेषण गरिएको छ। करको दर निर्धारण गर्दा तपसिलमा उल्लेखित बुँदाहरूमा ध्यान दिइएको छः

- छिमेकी स्थानीय सरकारको करको दरसँग तुलना गरिएको छ।
- नयाँ क्षेत्रका लागि सुरुमा करको दायरामा ल्याउनका लागि न्यून दरबाट सुरुवात गरिएको छ।
- सम्पत्ति करलाई प्रगतिशील करको दरअनुसार सम्भावना विश्लेषण गरिएको छ।
- सेवाको लागत असुली हुने गरी शुल्कको दर निर्धारण गरिएको छ।
- करदाताको कर तिर्न सक्ने क्षमता तथा सुविधाको स्तरको आधारमा करको दर निर्धारण गरिएको छ।

- विगत आ.व.मा लगाइएको कर तथा शुल्कको दरको आधारमा राजस्वका दरहरू निर्धारण गरी सम्भावना विश्लेषण गरिएको छ।
- व्यवसायलाई प्रतिकुल प्रभाव नपार्ने गरी करको कर निर्धारण गरिएको छ।
- सेवा तथा दस्तुरको लागतका आधारमा करका दरहरू निर्धारण गरिएको छ।
- सम्पत्तिको मूल्य तथा उपयोगको आधारमा करका दरहरूको निर्धारण गरी सम्भावना विश्लेषण गरिएको छ।

### पुँजीगत लगानी र आर्थिक कारोबार व्यवस्थापनः

करदाताको पहिचान, करदाताको दायरा निर्धारण गरी करका दरहरू न्यायोचित ढङ्गबाट निर्धारण पश्चात राजस्व प्रशासनमा सुधार ल्याउन नीतिगत व्यवस्था, संगठन संरचनामा सुधार, भौतिक सुविधामा सुधार, मानव संशाधन, प्रविधि र सफ्टवेयर, सूचना तथा अभिलेख राख्नुपर्दछ। राजस्वको सुधारका लागि हरेक तथ्याङ्कको अभिलेख राखि राजस्व चुहावट हुन नदिन अनुगमन गर्ने पद्धतिको सिफारिस गरिएको छ।

## ५.२ राजस्व सुधार कार्ययोजना तर्जुमा

राजस्व सुधार कार्ययोजनामा समावेश भएका कतिपय क्रियाकलापहरूका लागि बजेट आवश्यक पर्ने हुन्छ। राजस्व सुधार योजनामा उल्लेख गरिएका क्रियाकलाप सम्पन्न गर्न समयमै बजेटको व्यवस्था नभए प्रस्तावित क्रियाकलाप सम्पन्न गर्न नसकिने हुँदा क्रियाकलाप छनोट गर्दा स्रोतको उपलब्धतालाई पनि ध्यान दिइएको छ। साथै बजेटको उपलब्धताअनुसार क्रियाकलाप सम्पन्न हुने हुँदा समय अवधि निर्धारण गर्दा बजेटको उपलब्धतासँग पनि तालमेल हुने गरी निर्धारण गरिएको छ। गाउँपालिकाका सरोकारवालाहरूको छलफलबाट तयार पारिएको राजस्व सुधार कार्ययोजना तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ३०:** राजस्व सुधार कार्ययोजना

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | आवश्यक बजेट रु ००० | जिम्मेवारी |
|---|---|---|---|---|
| | **(क) कर राजस्व** | | | |
| सम्पत्ति कर | - सम्पत्ति कर सम्बन्धी कार्यविधि निर्माण गरी कार्यिविधिमा उल्लेख भए बमोजिम दर निर्धारण गरी सफ्टवेयरमा अद्यावधिक गर्ने | आ.व. २०७९/८० भित्र | २० | - राजस्व उप शाखा<br>- प्राविधिक शाखा<br>- राजस्व परामर्श समिति |
| भूमिकर | - मालपोत सङ्कलन कार्यविधि तयार पारी जग्गाको मूल्यको आधारमा दर निर्धारण गरी करका दर सफ्टवेयरमा मिलाउने | आ.व. २०७९/८० भित्र | २० | - राजस्व उप शाखा<br>- प्राविधिक शाखा<br>- राजस्व परामर्श समिति |
| घरजग्गा बहाल कर | - घरजग्गा बहाल कर सङ्कलन कार्यविधि निर्माण गर्ने | २०८० भाद्र मसान्त | २० | - राजस्व परामर्श समिति |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | आवश्यक बजेट रु ००० | जिम्मेवारी |
|---|---|---|---|---|
| | - घर तथा जग्गा बहालमा लगाउने घरधनीहरूको लगत सङ्कलन गर्ने। | | | - राजस्व उप शाखा<br>- लेखा शाखा<br>- जिन्सी शाखा |
| व्यवसाय कर | गाउँपालिका भित्र रहेका व्यवसायीहरूको पूजीगत लगानी र आर्थिक कारोबारको आधारमा स्थलगत दर्ता र नवीकरण अभियान सञ्चालन गर्ने | २०८० मंसिर मसान्त भित्र | २० | - प्रमुख प्रशासकीय अधिकृत<br>- वडा सचिवहरू<br>- राजस्व उप शाखा |
| | गाउँपालिकामा दर्ताका लागि सार्वजनिक सञ्चार माध्यम मार्फत आव्हान गर्ने | प्रत्येक आर्थिक वर्ष भरी नियमित रुपमा | १० | - राजस्व उप शाखा<br>- लेखा शाखा<br>- वडा सचिवहरू |
| | उद्योग वाणिज्य संघ सरूमारानी गाउँपालिकाका प्रतिनिधिहरूसँग नियमित छलफल र अन्तरक्रिया गर्ने | निरन्तर | ५ | - राजस्व परामर्श समिति<br>- राजस्व उप शाखा |
| विज्ञापन कर | गाउँपालिका क्षेत्रभित्र राखिएका विज्ञापन सामग्रीहरूको एकिन तथ्याङ्क पत्ता लगाउने र सोको आधारमा आर्थिक ऐनमा दर निर्धारण गर्ने र हालको ठेक्का रकम परिमार्जन गर्ने | आ.व. २०७९/८० भित्र | ५ | - राजस्व परामर्श समिति<br>- राजस्व उप शाखा |
| साना सवारी साधन | - अटोरिक्साको लगत तयार पारी करको दायरामा ल्याउन व्यवसायीहरूसँग छलफल गर्ने | आ.व. २०७९/८० भित्र | ० | - राजस्व उप शाखा |
| जडीबुटी कवाडी तथा जीवजन्तु कर | फोहरमैलामा भएको कवाडीजन्य वस्तुलाई कवाडी अन्तर्गत सङ्कलन गरी फोहरको मात्रालाई घटाउन कवाडी कर सङ्कलकसँग समन्वय गरी | आ.व. २०७९/८० भित्र | ० | - राजस्व परामर्श समिति<br>- राजस्व उप शाखा |
| **(ख) गैरकर राजस्व** | | | | |
| बहाल बिटौरी शुल्क | जनता मा.वि.सँग छलफल गरी बहाल विटौरी शुल्क गाउँपालिलकाले सङ्कलन गर्न छलफल गर्ने | आ.व. २०७९/८० | ० | - राजस्व परामर्श समिति<br>- राजस्व उप शाखा |
| नक्सा पास दस्तुर | - यातायात गुरूयोजना तयार पारी ग्रामीण क्षेत्रका सडकमा पनि सडकको क्षेत्राधिकार निर्धारण | आ.व. २०७९/८० भित्र | ० | - राजस्व परामर्श समिति<br>- प्राविधिक शाखा<br>- गाउँकार्यपालिका |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | आवश्यक बजेट रु ००० | जिम्मेवारी |
|---|---|---|---|---|
| | गर्ने र नक्सा पास अनिवार्य गराउने<br>- भवन निर्माण मापदण्ड जारी गर्नुभन्दा पहिले निर्माण गरिएका घरहरूको र अभिलेखीकरण गर्ने | | | |
| **(ग) राजस्व प्रशासन** | | | | |
| राजस्व सङ्कलन तथा अभिलेख | - राजस्वका सबै क्षेत्र समेट्ने गरी सफ्टवेयरमा करका दर अद्यावधिक गर्ने र करदाताको विवरण सोही सफ्टवेयरमा प्रविष्ट गर्ने<br>- कर सङ्कलनकालागि घुम्ते शिविर सञ्चालन गर्ने<br>- सफ्टवेयरमा राजस्व संकेतअनुसारको शीर्षक बनाई सङ्कलित राजस्व पनि सोही शीर्षकअनुसार प्रविष्ट गर्ने | आ.व. २०७९/८० भित्र | २० | - गाउँकार्यपालिका<br>- राजस्व उप शाखा |
| सूचना तथा पारदर्शिता | - स्थानीय सञ्चार माध्यमको अधिकतम् प्रयोग गरी करदाताहरूलाई कर तिर्न सुसूचित गर्ने।<br>- गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू र बजार क्षेत्रमा करबाट सङ्कलन भएको रकम खर्च हुने शीर्षक समावेश गरी फ्लेक्स प्रिन्ट बनाई टाँस्ने | आ.व. २०७९/८० भित्र | ५ | - गाउँकार्यपालिका<br>- प्रमुख प्रशासकीय अधिकृत<br>- लेखा शाखा<br>- राजस्व उप शाखा<br>- वडा सचिवहरू |
| अनुगमन | - करदाताहरूको विवरण अद्यावधिक गर्ने छुटेका करदातालाई करदाताको सूचीमा समावेश गर्ने।<br>- राजस्व अनुगमन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने<br>- वडा कार्यालयहरूबाट सङ्कलन भएको राजस्व बढीमा एक हप्ताभित्र बैंकमा जम्मा गरी बैंक | - मासिक रुपमा | २० | - राजस्व परामर्श समिति<br>- राजस्व उप शाखा |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | आवश्यक बजेट रु ००० | जिम्मेवारी |
|---|---|---|---|---|
| | भौचर राजस्व उपशाखामा बुझाउने र राजस्व उपशाखाबाट सङ्कलन हुने रकम बैंकबाट हुने व्यवस्था मिलाउने<br>- कर सङ्कलनमा हुन सक्ने चुहावटलाई ध्यानमा राखी अनुगमनलाई थप प्रभावकारी बनाउने | | | |
| करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम | - बढी कर तिर्ने वा अन्य किसिमका उत्कृष्ट करदातालाई वार्षिक रुपमा सम्मान गर्ने<br>- कार्यसम्पादन मूल्याङ्कनको आधारमा कर्मचारीहरूलाई वार्षिक रुपमा पुरस्कृत गर्ने | - | १५ | - गाउँकार्यपालिका<br>- प्रमुख प्रशासकीय अधिकृत |
| सूचना प्रविधिको उपयोग | राजस्व उप शाखामा कार्यरत कर्मचारीहरू र वडा सचिवहरूलाई राजस्व संकेतअनुसार राजस्व सङ्कलन गर्न आवश्यक तालिम उपलब्ध गराउने | - | ५० | - राजस्व उप शाखा<br>- सफ्टवेयर प्रदायक संस्था |
| | शीर्षकगत करदाता विवरण तयारी अद्यावधिक गर्ने | वार्षिक रुपमा | १० | - राजस्व उप शाखा,<br>- सुचना प्रविधि शाखा |
| | जम्मा | | २२० | |

*स्रोतः गाउँपालिकास्तरीय कार्यशाला, २०७९*

## ५.३ बजेट अनुमान

राजस्व सुधार कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापहरूमध्ये कतिपय कार्यालय सञ्चालन गर्दा नियमित रुपमा गर्न सकिने छ। केही क्रियाकलापहरू गाउँपालिकाको दैनिक कार्य सूचीमा पर्दैनन। दैनिक कार्य सञ्चालनमा नपरेका क्रियाकलापहरूलाई कामको अतिरिक्त भार पर्ने भएकाले त्यस्ता क्रियाकलापहरूका लागि बजेटको व्यवस्था गरिएको छ। यस कार्ययोजनामा सिफारिस गरिएका क्रियाकलापहरू सम्पन्न गर्न रु २ लाख २० हजार बजेटको आवश्यकता पर्ने अनुमान गरिएको छ।

# परिच्छेद - छः आगामी ३ वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षहरूका लागि गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ। राजस्व प्रक्षेपण गर्दा महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (संशोधनसहित)मा उल्लेख गरिएका शीर्षक एवं राजस्व संकेतको आधारमा गरिएको छ। गाउँपालिकाको राजस्व अधिकार, हालको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय सङ्कलनमा पार्ने प्रभावसमेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। यस प्रक्षेपणले गाउँपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ।

## ६.१ राजस्व प्रक्षेपणका विधिहरू

राजस्व सुधार कार्ययोजना तर्जुमा पश्चात सोको कार्यान्वयनबाट स्थानीय तहको राजस्व सङ्कलनमा पर्ने प्रभावकोसमेत विश्लेषण गरी आगामी तीन आ.व.मा प्राप्त हुने राजस्वको प्रक्षेपण गरिएको छ। राजस्वको प्रक्षेपण गर्दा राजस्वका स्रोतहरूलाई एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या,२०७४ (संशोधनसहित) मा तोकिएको राजस्व संकेतसमेत उल्लेख गरिएको छ। आय प्रक्षेपण गर्दा वस्तुगत विश्लेषणसमेतका आधारमा सकेसम्म वास्तविकतासँग मेल खाने गरी गरिएको छ। राजस्व प्रक्षेपणको लागि तपसिलमा उल्लेखित विधिहरूमध्ये राजस्वका स्रोतको उपलब्ध सूचनाको आधारमा कुनै एक विधि प्रयोगमा ल्याइएको छः

**तथ्याङ्कीय आधारः** करदाताको सङ्ख्या, करको दर र विद्यमान दायरा सम्बन्धी सूचना उपलब्ध भएको शीर्षकमा करदाता सङ्ख्या × करको औसत दर × दायरामा ल्याउन सक्ने प्रतिशतबाट प्रक्षेपण गरिएको छ। जस्तैः सम्पत्ति कर, भूमिकर, व्यवसाय कर, घरजग्गा बहाल कर आदि।

**विगतको राजस्व वृद्धिदर (Trend) को आधारः** करदाता सङ्ख्या एकिन गर्न नसकिने र समयानुकुल करका दर परिमार्जन हुँदै आएका स्रोतहरूमा विगतको राजस्वको वृद्धिदरलाई आधारमा प्रक्षेपण गरिएको छ। यदि गाउँपालिकाको राजस्वका दर परिवर्तन गर्ने योजना भएमा स्रोतको प्रक्षेपण गर्दा सो विषयलाई पनि ध्यानमा दिइएको छ। जस्तैः सिफारिस तथा प्रमाणित दस्तुर आदि।

**सम्झौताको आधारः** कुनै शीर्षकमा आम्दानी प्राप्त हुने गरी विगतमा सम्झौता भएको अवस्थामा सोही सम्झौतालाई नै आधार मानी राजस्व प्रक्षेपण गरिएको छ। जस्तैः विज्ञापन कर, ढुङ्गा, गिट्टी, बालुवा बिक्री, बहाल बिटौरी शुल्क (हाटबजार), ऋण, अनुदान आदि।

**लमसम वृद्धिदरः** गाउँपालिकाको नियन्त्रणमा नभएका र विगतका आ.व.मा आय सङ्कलनका लागि सम्झौता पनि नभएका स्रोतहरूको हकमा र विगतको राजस्व प्राप्तिको अवस्था विश्लेषण गरी मूल्यवृद्धि तथा जनसङ्ख्या वृद्धिको योग करिब १० प्रतिशत भएकाले सोको आधारमा गत आ.व.मा प्राप्त भएको आयमा १० प्रतिशतका

दरले वृद्धि हुँदै जाने अनुमान गरिएको छ। उदाहरणः नेपाल सरकार, प्रदेश सरकार तथा अन्य संघसंस्थावाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट आदि।

**अनुमानः** आय सङ्कलन गर्नका लागि कुनै प्रकारको सूचना नभएको र गाउँपालिकाका लागि बिल्कुलै नयाँ स्रोतको हकमा सरोकारवालाहरूसँग गरिएको छलफलको आधारमा तथ्याङ्क अनुमान गरी राजस्वका दर प्रस्ताव गरी प्रक्षेपण गरिएको छ। उदाहरणः अनुमति दस्तुर।

**शून्य प्रक्षेपणः** विगतको आ.व.मा आय सङ्कलन नभएका र आगामी आ.व.मा पनि गाउँपालिकाले आय अनुमान नगरेका र सङ्कलन गर्न सकिने कुनै सम्भावना नदेखिएका आयका शीर्षकहरूमा आय प्रक्षेपण गरिएको छैन।

## ६.२ राजस्व सङ्कलनमा पर्ने असरको प्रारम्भिक आकलन

यस अध्ययनको क्रममा पहिचान गरिएका राजस्वको शीर्षकहरूको दायरा वृद्धि गर्दै जाँदा गाउँपालिकाको आन्तरिक आयमा उल्लेख्य रुपमा प्रभाव पार्ने देखिन्छ। विगतका आ.व.मा दायरामा नआएका राजस्वका शीर्षकहरूको पहिचान गरी करका दायरामा ल्याउँदा राजस्वमा उल्लेख्य मात्रामा वृद्धि हुने आकलन गरिएको छ। आगामी आ.व.मा आन्तरिक आयको वृद्धिमा उल्लेख्य रुपमा प्रभाव पार्ने प्रमुख शीर्षकहरूको विश्लेषण तपसिलमा उल्लेख गरिएको छः

### क) व्यवसाय करः

यस गाउँपालिकाले व्यवसाय करको सङ्कलन गर्दै आएको छ। गाउँपालिकाको अधिकांश भाग गाउँले भरिएको यस गाउँपालिकामा आउँदा दिनमा बाटोघाटो लगायत अन्य पूर्वाधारको विकासले गाउँपालिकाको ग्रामीण क्षेत्रमा पनि विभिन्न किसिमका व्यवसायहरूको सुरुवात हुँदै गएको पाइन्छ। सबै व्यवसायीहरूलाई करको दायरामा ल्याउँदा व्यवसाय करमा उल्लेख्य मात्रामा आय सङ्कलन हुन सक्ने अनुमान गरिएको छ।

### ख) घरजग्गा बहाल करः

यस गाउँपालिकामा घरजग्गा बहाल कर विगतका आ.व.मा व्यवसायिक प्रयोजन तथा संस्थागत रुपमा भाडामा दिने घरधनीबाट प्राप्त गरिंदै आएको छ। व्यक्तिगत प्रयोजनका लागि भाडामा लगाउँदा भाडा रकमको १० प्रतिशत मात्र सङ्कलन गर्दा करको दायरामा वृद्धि हुनेछ र आगामी आर्थिक वर्षमा बहाल कर पनि वृद्धि हुँदै जाने अनुमान गरिएको छ।

### ग) नक्सा पास दस्तुरः

यस गाउँपालिकामा बाटोघाटो लगायत अन्य पूर्वाधारको विकास सँगै पक्की घर तथा भवनहरूको निर्माण हुँदै गएको पाइन्छ। बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ अनुसार गाउँपालिकाबाट अनुमति नलिई निर्माण गरिएका घरहरूको अभिलेखीकरण गरिरहेकोमा ग्रामिण सडकको पनि सडक अधिकार क्षेत्र निरधारण गरी नक्सापासलाई पनि अनिवार्य गराउँदा यस शीर्षकमा उल्लेख्य मात्रामा आय आर्जन हुने सम्भावना रहेको छ।

### घ) सम्पत्ति करः

यस गाउँपालिकामा हालसम्म सम्पत्ति करको कार्यविधि बनाई सङ्कलन गरेको छैन। आगामी वर्षमा कार्यविधि बनाई सम्पत्ति कर सङ्कलन गर्दा आन्तरिक आयमा उल्लेख्य मात्रामा वृद्धि हुने आकलन गरिएको छ।

### ङ) बहाल बिटौरी शुल्कः

यस गाउँपालिकामा विगतका आ.व.मा यस शीर्षकमा सङ्कलन हुने राजस्व श्री जनता माध्यमिक विद्यालयले असुल उपर गर्दै आएकोमा आगामी आ.व.देखि गाउँपालिकाले सङ्कलन गर्दा आन्तरिक आयमा उल्लेख्य मात्रामा वृद्धि हुने आकलन गरिएको छ।

## ६.३ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापहरूको कार्यान्वयन पश्चात्को आगामी तीन वर्ष (आ.व.२०८०/८१ देखि २०८२/८३) का लागि राजस्व प्रक्षेपणका आधारहरू प्रस्तुत गरिएको छ। राजस्वको प्रक्षेपण गर्दा विगतका ३ आ.व. को राजस्व वृद्धिदर, चालु आ.व. मा गरिएको अनुमान र चालु आ.व.को मंसिर १९ गते सम्म सङ्कलन भएको आयका आधारमा गरिएको छ। गत आ.व.मा नसमेटिएका आयका शीर्षकहरूको हकमा राजस्व सुधार कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापको आधारमा तथ्याङ्कमा आधारित भएर गरिएको छ। स्थानीय तहको आय वृद्धिदर कम्तीमा पनि मूल्यवृद्धि, जनसङ्ख्या वृद्धि र सेवाग्राहीको सङ्ख्यामा हुने वृद्धिसँग मिल्दोजुल्दो हुने गरी गर्दा कम्तीमा १० प्रतिशत हुने गरी गरिएको छ। आय प्रक्षेपणका आधारहरूलाई शीर्षकगत रुपमा देहायअनुसार व्याख्या गरिएको छ।

**तालिका नं ३१:** आगामी आ.व.हरूका लागि राजस्व प्रक्षेपणका आधारहरू (रु. हजारमा)

| राजस्व संकेत | राजस्व शीर्षक | २०७९/८० कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| क. | **आन्तरिक आय तर्फ** | ६२९३० | |
| ११३१३ | सम्पत्ति कर | ८५० | आ.व. २०८०/८१ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३१४ | भूमिकर (मालपोत) | ११३५ | आ.व. २०८०/८१ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२१ | घर बहाल कर | ४९५ | आ.व. २०८०/८१ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२२ | बहाल बिटौरी शुल्क | ३५० | अआ.व. २०८०/८१ मा ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११४५१ | सवारी साधन कर | १०५ | अआ.व. २०८०/८१ मा ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |

| राजस्व संकेत | राजस्व शीर्षक | २०७९/८० कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | अनुमान नगरिएको |
| ११४७० | विज्ञापन कर | ३६ | आ.व. २०८०/८१ मा यस शीर्षकमा प्राप्त हुने रकमको ९० प्रतिशत र त्यसपछिका वर्षहरूमा १० प्रतिशतले बढ्दै जाने |
| ११४७१ | अन्य मनोरञ्जन कर | ० | अनुमान नगरिएको |
| १४६११ | व्यवसाय कर | ७५३ | आ.व. २०८०/८१ मा ८० प्रतिशत र त्यसपछिका वर्षहरूमा १० प्रतिशतले बढ्दै जाने |
| ११६३२ | जडीबुटी कवाडी तथा जीवजन्तु कर | २०० | आ.व. २०८०/८१ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११६९१ | अन्य कर | २०० | आ.व. २०८०/८१ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ३० | आ.व. २०८०/८१ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२५३ | व्यवसाय रजिस्ट्रेसन दस्तुर | ३० | आ.व. २०८०/८१ मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४१५७ | ढुङ्गा, गिट्टी, बालुवा बिक्री | ५६२८८ | आ.व. २०८०/८१ मा कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त रकम | २० | आ.व. २०८०/८१ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | २० | आ.व. २०८०/८१ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२१९ | *अन्य सेवा शुल्क तथा बिक्री* | १० | आ.व. २०८०/८१ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२१९ | *फोहरमैला व्यवस्थापन सेवा शुल्क* | ४५ | आ.व. २०८०/८१ मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले घट्दै जाने |
| १४२२१ | न्यायिक दस्तुर | १० | आ.व. २०८०/८१ मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |

